
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

'एन्टी हिरो' मा जसिताः पृष्ठ ५


◆ वर्ष : २५ ◆ अङ्क : ६८ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ माघ १० गते शुक्रवार (Friday, January 24. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–


प्रदेश १ राष्ट्रियसभा निर्वाचन

## नेकपा उम्मेदवार बिजयी



**विराटनगर, माघ ९।** राष्ट्रियसभा सदस्यको लागि विहीवार भएको निर्वाचनमा प्रदेश १बाट तीनैजना नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का उम्मेदवार बिजयी भएका छन् ।

बिहीबार विराटनगरस्थित वीरेन्द्रसभागृहमा भएको मतदानमा नेकपाका उम्मेदवारहरू देबेन्द्र दाहाल, गोपीबहादुर सार्की (आछामी) र इन्दिरादेवी गौतम विजयी भएका हुन् । निर्वाचन अधिकृतको कार्यालयका अनुसार बिजयी दाहालले ६ हजार २ सय ३४ मत प्राप्त गरी नेपाली कांग्रेसका उम्मेदवार राजेन्द्रकुमार घिमिरेलाई पराजित गरे । घिमिरेले २ हजार ७ सय ६६ मत प्राप्त गर्दा समाजवादी पार्टीका उम्मेदवार भरतराज दाहालले २ सय ६४ मत प्राप्त गरेका थिए । निर्वाचनमा दाहाललाई मतदान गर्ने नेकपाका एक सांसदको मत बदर भएको छ ।

यस्तै महिलातर्फ बिजयी नेकपाकी गौतमले ६ हजार ४ सय २६ मत प्राप्त गरिन् भने उनको निकटतम् प्रतिद्वन्द्वी मीना पुलामी मगरले २ हजार ६ सय २२ मत प्राप्त गरे । त्यस्तै तेस्रो भएकी समाजवादी पार्टीकी कमला बडाहीले २ सय ६४ मत प्राप्त गरिन् । प्रदेशसभामा नेकपाका ६७ सांसद भए पनि गुलेफुन मिया अनुपस्थित हुँदा गौतमलाई ६९ जनाले मतदान गरेका थिए । उनलाई कांग्रेसका २ र राप्रपा नेपालका १ सांसदले मतदान गरेको पाइएको छ । यस्तै कांग्रेसका २१ सांसद भए पनि १९ जनाले मात्रै पुलामीलाई मतदान गरेका थिए । ३ सांसद रहेको समाजवादी पार्टीका उम्मेदवारलाई संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका १ सांसदले मतदान गरेपछि ४ जनाको मत प्राप्त भएको थियो ।

स्थानीय तहतर्फ गौतमलाई १ सय ७३ जनाले, मगरलाई ९५ जनाले र बडहीलाई ४ जनाले मतदान गरेका छन् । कांग्रेसका २ सांसदले पनि सूर्यमा मतदान गरेकोले कांग्रेसभित्र अन्तरघात भएको देखिएको छ । नेकपाका स्थानीय तहका जनप्रतिनिधि १ सय ७४ जना भए पनि १ जना अनुपस्थित रहेका थिए । यस्तै कांग्रेसका एक सय ८ जना स्थानीय तहका मतदाता भएपनि १३ जना अनुपस्थित रहेका थिए ।

यस्तै दलिततर्फ नेकपाका गोपीबहादुर आछामीले ६ हजार ३ सय ३० मत प्राप्त गरी बिजयी हुँदा कांग्रेसका निरबहादुर विश्वकर्माले २ हजार ७ सय १८ मत प्राप्त गरे । समाजवादी पार्टीका ज्ञानकुमार परियारले २ सय ६४ मत प्राप्त गरे । दलिततर्फ सूर्यमा ६७, रुखमा २१ र हातमा ४ जनाले मतदान गरेका छन् । स्थानीय तहतर्फ अछामीलाई १ सय ७३, विश्वकर्मालाई ९५ र परियारलाई १८ जनाले मतदान गरेको निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचनको लागि प्रदेशसभा सदस्यको मतभार ४८ र स्थानीय तहका प्रतिनिधिको मतभार १८ रहेको थियो । प्रदेश १ मा प्रदेशसभा सदस्यतर्फ ९३

***(बाँकी अन्तिम पृष्ठमा)***

# विदेशी नागरिकसहित २२ जनालाई अभद्र व्यवहारको मुद्दा

**बिर्तामोड, माघ ९।** एक जना विदेशी नागरिकसहित २२ जनालाई जिल्ला प्रहरी कार्यालय झापाले अभद्र व्यवहार गरेको भन्दै मुद्दा दर्ता गरेको छ ।

प्रहरीले १८ वटा मुद्दा दर्ता गर्दै एक महिला, एक जना विदेशीसहित २० जना पुरुषलाई एक महिनाको अवधिमा अभद्र व्यवहार गरेको भन्दै मुद्दा दर्ता गरेको हो । शान्ति सु व्यवस्थामा खलल पुर्‍याएको भन्दै प्रहरीले जिल्लाका विभिन्न स्थानबाट उनीहलाई पक्राउ गर्दै मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्ण कोइरालाले जानकारी दिए । पछिल्लो समय प्रहरीले शान्ति सुरक्षा कायम राख्न विशेष अभियान सञ्चालन गरेको छ । शान्ति सुरक्षामा वाधा पुर्‍याउनेलाई पक्राउ गर्दै अभद्र व्यवहार अन्तर्गत मुद्दा चलाउँदै आएको जिल्ला प्रहरी कार्यालय झापाले सुरक्षालाई प्रविधिमा जोडेको छ ।

त्यस्तै प्रहरीले एक महिनाको अवधिमा लागूऔषध ओसार पसारमा सम्लग्न १५ जनालाई पक्राउ गरेको छ । खुल्ला सीमानाको फाइदा उठाउँदै लागूऔषध कारोवारीले झापाका विभिन्न शहरहरुलाई ट्राञ्जिट प्वाइन्ट बनाइरहेको भन्दै प्रहरीले लागूऔषध कारोवारमा सम्लग्नलाई धमाधम पक्राउ गर्दै आएको छ । एक महिनाको अवधिमा लागूऔषध कारोवारमा संलग्न एक महिलासहित १४ जनालाई पक्राउ गरी कारवाही अघि बढाएको छ । भारतको पानीट्याङ्की, शिलगढी लगायतका विभिन्न स्थानबाट खरिद गरी लागूऔषध कारोवारीले विक्री वितरण गर्ने गरेको प्रहरीले जनाएको छ । झापाको बिर्तामोडबाट केही समय अघि किराना पसलमा नै लागूऔषधको कारोवार भइरहेको अवस्थामा एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको थियो ।

किराना पसलबाट नै लागूऔषधको कारोवार हुने तथ्य खुलेसंगै प्रहरीले जिल्लाका विभिन्न स्थानमा सूक्ष्म तरिकाले निगरानी बढाएर एक महिनाको अवधिमा १५ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । प्रहरीले लागू औषध कारोवारीको साथबाट ब्राउनसुगर एक सय ३४ ग्राम, अफिम साढे एक केजी, डाइजेपाम ८१ एम्पुल, लुपेजेसिक ८१ एम्पुल, फेनारगन ८१ एम्पुल वरामद गरेको छ ।

त्यस्तै प्रहरीले एक महिनाको अवधिमा जवरजस्ती करणीमा सम्लग्न भएको अरोपमा चार जनालाई पक्राउ गरेको छ । उनीहरुलाई जिल्ला अदालतमार्फत मुद्दा दर्ता गरेको प्रहरीले जनाएको छ ।

त्यस्तै पुस महिनामा नै कर्तव्य ज्यान मुद्दा अन्तर्गत एक पुरुष पक्राउ परेका छन् । प्रहरीले अपराधको वर्गीकरण गरेर त्यसमा सम्लग्नहरुलाई धमाधम पक्राउ गरिरहेको छ ।

अन्य अपराध अन्तर्गत २५ जनालाई पक्राउ गरेर ५३ वटा मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । जिल्ला अदालतको फैसला कार्यान्वयनतर्फ अदालतबाट कैद भुक्तान तथा जरिवाना तोकिएका फरार प्रतिवादीहरुलाई पक्राउ गर्ने कार्यलाई समेत प्रहरीले तीव्रता दिएको छ । प्रहरीले एक महिनाको अवधिमा ८ जनालाई पक्राउ गरेर अदालत बुझाएको छ ।

पशुचौपाय तस्करी अन्तरगत नेपालबाट अवैध रुपमा भारत तर्फ लैजाँदै गरेको अवस्थामा दुई सय ५० वटा चौपाय वरामद गरी जिल्लाका विभिन्न स्थानमा रहेका गौशालाहरुमा बुझाएको बताइएको छ । जस अन्तर्गत गाई ४५, गोरु १९७, वाच्छा एक, वाच्छी सात रहेको छ । पशु चौपायसँगै पक्राउ परेका मानिस तथा गोरुहरुलाई आवश्यक कारवाहीका लागि मेची भन्सार कार्यालय काँकरभिट्टा तथा भद्रपुर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

अवैध भन्सार छली चोरी तस्करी नियन्त्रणतर्फ प्रहरीले ३५ लाख २७ हजार ९ सय मूल्य बराबरका लत्ताकपडा, किराना सामग्री, विद्युतीय सामग्री, सवारी पाट्पुर्जा, पशु चौपाय, अवैध काठ लगायत बरामद गरेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए । त्यस्तै जिल्ला प्रहरी कार्यालय झापाले जिल्लाका विभिन्न स्थानका बिद्यालयहरुमा लागूऔषध, ट्राफिक नियम, साइवर अपराध, लैङ्गिक हिंसा लगायत अन्य सामाजिक अपराधका सम्वन्धमा ३२ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाइएको छ ।

## सहारा देशकै ठूलो र लोकप्रिय

**बिर्तामोड, माघ ९।** तत्कालीन चारपाने गाउँ विकास समितिको चारपानेमा २३ वर्ष अघि एक हजार रुपैयाँको नोट खुद्रा बनाउन नसकेको सम्झना अझै ताजै छ- महेन्द्रकुमार गिरीलाई ।

बिर्तामोड नगरपालिका-२ मा रहेको चारपाने आफैंमा सानो र नयाँ बजार । त्यसमाथि २३ वर्ष अघि एक हजार रुपैयाँको नोट नसाटिँदा बिर्तामोडसम्म जानु परेको बाध्यता बिर्सिएका छैनन् उनले । बैंकको पहुँचबाट टाढा रहेका चारपानेबासीलाई घरको गर्जो टार्न पनि साहु महाजन कहाँ जानुपर्ने बाध्यता थियो- गिरी भन्छन्- चर्को व्याजदरमा ऋण लिएर गर्जो टार्ने धेरै जना देखेपछि सहकारी खोल्ने सोच आयो ।

वित्तीय संस्थामार्फत विपन्न समुदायको जीवनस्तरमाथि उठाउन सकिन्छ भन्ने हेतुले मसहित नरनाथ गिरी र दुर्गा भण्डारीको योजना अनुरुप चारपानेमा सहकारी खोल्ने निधो भयो- गिरीले भने- त्यसबेला ३३ जना शेयर सदस्यले ३४ हजार रुपैयाँ शेयर पुँजी जम्मा गर्दै तीनवटा गाविसलाई कार्यक्षेत्र बनाएर सहकारीको कारोवार शुरु गरेका थियौं ।

२०५२ साल फागुन ११ गते संस्थाको प्रारम्भिक भेलामा सहकारीको नाम सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड राख्ने निर्णय गरेर शेयर पुँजी ३४ हजार रुपैयाँ निकाल्न हम्मे-हम्मे परेको थियो हामीलाई- गिरीले भने । तर, त्यही सहकारी संस्था अहिले आर्थिक कारोवारका दृष्टिले प्रदेश नम्वर १कै ठूलो सहकारी संस्था बनेको छ ।

एक लाख ५१ हजार भन्दा बढी शेयर सदस्य भएको सहकारी शेयर सदस्यको हिसाबले भने नेपालकै ठूलो संस्था हो- सहकारीका वर्तमान कार्यकारी निर्देशक गिरीले भने । सहारा नेपाल सहकारी संस्थाको शेयर पुँजी मात्रै अहिले एक अर्ब २४ करोड ९६ लाख रुपैयाँ रहेको संस्थापक तथा कार्यकारी निर्देशक गिरीको भनाइ छ । उनका अनुसार संस्थाको कूल बचत ४ अर्ब ६१ करोड ६३ लाख रुपैयाँ रहेको छ ।

एक अर्ब ५६ करोड रुपैयाँ आम्दानी



गरेको सहकारीले एक वर्षमा खुदा नाफा ३६ करोड रुपैयाँ गरेको कार्यकारी निर्देशक गिरीले बताए । चालू आर्थिक वर्षभित्र सहकारीको कूल पुँजी ११ अर्ब पुर्‍याउने लक्ष्यसहित सहकारीको सेवा क्षेत्रभित्रका ६ वटा जिल्लाका सवै स्थानीय तह र वडामा सेवा विस्तार गरी ५ लाख सदस्य पुर्‍याउने लक्ष्य लिएको गिरीको भनाइ छ । सहकारीले अहिले झापासहित इलाम, पाँचथर, मोरङ, सुनसरी र उदयपुरमा कारोवार गरिरहेको छ ।

**सहारा सामाजिक काममा पनि अगाडि**

बिर्तामोड नगरपालिकाको वडा नम्वर २स्थित चारपानेमा मुख्य कार्यालय रहेको सहारा नेपाल वचत तथा ऋृण सहकारी संस्था बचत र ऋण लगानीमा मात्र सीमित छैन । आफ्ना शेयर सदस्यको जीवनस्तरमाथि उठाउन ५० भन्दा बढी कार्यक्रम लिएर अघि बढेको छ ।

समुदायमा एम्वुलेन्स बितरणदेखि सर्प दंश उपचार केन्द्र, रक्तसञ्चार केन्द्र, मलामी विश्रामालयसहित दशकर्म स्थल (काजकिरिया गर्ने ठाउँ) का लागि घर निर्माण, लाखौं रुपैयाँ खर्च गर्दै गाउँ-गाउँमा ज्येष्ठ नागरिक चौतारो निर्माण, विपन्न समुदायका पाँच सयभन्दा बढी घर निर्माण लगायतका सामाजिक कार्य गर्दै सहारा पूर्वमा सबैको मनमा बस्न सफल भएको छ । ज्येष्ठ नागरिक चौतारोमा सुविधासम्पन्न हल निर्माण गर्दै फ्रि वाइफाई र मनोरञ्जनका साधन र खानपानको समेत व्यवस्थापन गरिएको छ ।

आफ्ना शेयर सदस्यका लागि सहकारीले सदस्य पोषण भत्ता, ज्येष्ठ सदस्य सम्मान भत्ता, परिवार राहत, दीर्घायु सदस्य भत्ता, एकल महिला भत्ता, एकल पुरुष सहयोग कार्यक्रम, सुत्केरी पोषण, कोपिला बाल बचत, सहारा परिवार स्मृति कार्यक्रम, संरक्षण, खान पुगोस् दिन पुगोस, दशकर्म वार्षिकी सेवासुविधा, सहारा स्वास्थ्य हेरचाह सेवा, सञ्जीवनी, आश्रय , सहाराका महिला सबै क्षेत्रका पहिला, आयुस्मान सहारा, जीवन वरदान,ग्लोवल एजुकेशन , किसानसंग पुगौं, अर्ग्यानिक खेती प्रवर्द्धन, कृषि मल श्रृंखला, टनेल भिलेज निर्माण, कृषि आय-आर्जन, कृषि श्रोतकेन्द्र निर्माण, उत्पादनमा आधारित अनुदानका कार्यक्रम सञ्चालन गरेको छ ।

त्यस्तै ऋणको व्याज अनुदानमा प्रोत्साहन, उद्यम विकास केन्द्र स्थापना, स्कूल स्कूल, मेड इन नेपाल, पहिला

***(बाँकी अन्तिम पृष्ठमा)***

## बलात्कार आरोपी 'सिद्धबाबा' फरार

**झापा, माघ ९।** मोरङको विराटनगरस्थित विराटनगर उच्च अदालतले बलात्कार आरोपी 'सिद्धबाबा' भनिने ४५ वर्षीय कृष्णबहादुर गिरीलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ ।

अनुयायी एक महिलालाई बलात्कार गरेको मुद्दा खेपिरहेका सुनसरीको बराहक्षेत्र चतरास्थित रामानन्दाचार्य सेवापीठका संरक्षक 'सिद्धबाबा' विहीबार उच्च अदालत विराटनगरमा आफू विरुद्धको जबरजस्ती करणी मुद्दाको सुनुवाइ चलिरहेका बेला भारततर्फ लागेका छन् । सरकारले उपलब्ध गराएको निजी सुरक्षा गार्डलाई भने नेपाल-भारत सीमा क्षेत्रबाटै फिर्ता पठाइदिएर बिराटनगरको जोगवनी नाका हुँदै उनी भारततर्फ गएको बताइएको छ । सिद्धबाबा आफ्ना केही अनुयायीसहित ग१च ८१५७ नम्बरको पजेरो गाडी चढेर भारततिर लागेका हुन् । उनको सुरक्षामा नेपाल प्रहरीका हवल्दार मुकेश साहलाई खटाइएको थियो ।

स्रोतका अनुसार कहाँसम्म गएको र कहिले नेपाल फर्किने भन्ने बारेमा केही पनि जानकारी नगराइँदा सुरक्षामा खटिएका हवल्दार साह अन्योलमा परेका छन् । केही समर्थक र अनुयायीका साथमा सिद्धबाबा सुनसरीको चतरास्थित आफ्नो आश्रमबाट बिहान उच्च अदालत जान भनेर हिँडेका थिए ।

स्वास्थ्य उपचारका लागि भन्दै उनी दिल्ली गएको बताइएको छ । सिद्धबाबा एक साता पहिले पनि उपचारका लागि भन्दै भारत पुगेर फर्किएका थिए । मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठ र न्यायाधीश प्रेमराज कार्कीको इजलासमा पेसी चढेको मुद्दाको सुनुवाइ बिहीबार जारी रहेका बेला

***(बाँकी अन्तिम पृष्ठमा)***

## दीपक मनाङ्गे पक्राउ

**झापा, माघ ९।** प्रहरीले पोखराबाट एक प्रदेश सांसदलाई पक्राउ गरेको छ । गण्डकी प्रदेशका सांसद दीपक मनाङ्गे भनिने राजीव गुरुङ पोखराको लेकसाइडबाट पक्राउ परेका हुन् ।

जिल्ला अदालत पोखराले पक्राउ पुर्जी जारी गरेपछि प्रहरी टोलीले सांसद मनाङ्गेलाई पक्राउ गरेको बताइएको छ । अखिल नेपाल फुटबल संघ ( एन्फा)कास्कीका अध्यक्ष मिलन गुरुङले बुधबार दुर्व्यवहार गरेको भन्दै जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिएपछि उनी पक्राउ परेका हुन् ।

मनाङ्गेलाई पक्राउ गरेर म्याद थपका लागि अदालतमा पेश गर्ने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । उनलाई पक्राउ गरेर जिल्ला प्रहरी कार्यालय कास्कीमा राखिएको छ ।

***(बाँकी अन्तिम पृष्ठमा)***


### पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **माघ १० र ११ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**

बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

### कर्मचारी आवश्यकता

यस संस्थाको लागि एक जना कर्जा अधिकृत र दुई जना बजार प्रतिनिधि आवश्यक परेकोले तु–सम्पर्क गर्नुहोला । साधन भएको अनुभवी र स्थानीइलाई विशेष प्राथमिकता दिइनेछ ।

**कार्यक्षेत्रः** बिर्तामोड, शनिश्चरे (बजार प्रतिनिधि)

**योग्यताः** कर्जा अधिकृतको हकमा सम्बन्धित विषयमा स्नातक र बजार प्रतिनिधिका लागि एसएलसी/एसईई पास

**तलबः** आन्तरिक सहमतिमा संस्थाको नियम अनुसार

**नोटः मोटरसाइकलको लाइसेन्स भएको हुनुपर्नेछ ।**

**विज्ञापन प्रकाशित भएको मितिले १ हप्ताभित्रमा सम्पर्क गर्नुहोला ।**

**अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

बिर्तामोड–५, झापा (फोन नं. ०२३–५४३७२०, ९८५२६३१६३७)

Email: apsavingco@gmail.com

नेपालीहरुको लागि भरपर्दो सेवा

### निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।



सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटरसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

### WANTED

**ALASKA AUTOMOBILES PVT. LTD.**

Sanischare Road, Birtamode (Jhapa)

Announces Staff's Vacancy for the Following Post:

| S. N. | Position | Qualification | Location |
|---|---|---|---|
| 1 | Accountant | 10+2 and above | Birtamode |
| 2 | Sales Officer | 10+2 and above | Birtamode |

Note.:
1. Tally Proper Knowledge for Accountant.
2. Good Computer operating Knowledge (Word, Excel & Power point, Mail)
3. Bike Licence Compulsory for Both Sales Officer & Accountant.
4. Salary will be Paid according to administration rules.

Contact No. : 023-543929, 9801921503, 9852678992

झा.जि.हु.क नं. ५३/०६६/०६७, झा.जि.प्र.का.द.नं. ४५/०५२/०५३ पूर्वाञ्चल दैनिक २५ वर्ष

# जागिर छाडेर कटियाको व्यापार

**बिर्तामोड, माघ ९।** पढेर जागिर नै खानु पर्छ भन्ने मान्यता बिस्तारै घट्दै गएको छ। पढे-लेखेका युवा जागिरको सट्टा अहिले कृषि कर्म र विभिन्न पेशा व्यवसायमा रमाएका छन्। केही समय अघिसम्म पढेर जागिरै खानुपर्छ भन्ने मान्यता राख्नेहरु पनि जागिर छाडेर अहिले अन्य पेशामा लागेका थुप्रै उदाहरणहरु समाजमा भेटिने गरिन्छ।

बिर्तामोड-४का जयप्रसाद पोखरेल 'दिलीप' ले पनि छ वर्ष शिक्षण पेशा अंगाले। पाँचथरको सिदिनमा रहेको सिद्धदेवी माध्यमिक विद्यालयको माध्यमिक तहमा उनले अंग्रेजी विषय छ वर्ष अध्यापन गराए। २०५६ सालमा अंग्रेजी विषयका लागि माध्यमिक तहमा शिक्षक नियुक्ति भएका पोखरेलले २०६१ सालसम्म शिक्षण पेशा अंगाले। १० वर्षे सशस्त्र द्वन्द्वकालको समयमा बिस्थापित बनेका पोखरेल अहिले झापामा होटल व्यवसायमा रमाएका छन्।



पाँचथरको थर्पू-३ स्थायी बसोवास भएका पोखरेल २०६१ साल यता झापाको बिर्तामोड बस्दै आएका छन्। आफू सामुदायिक विद्यालयमा कार्यरत रहेका पोखरेलका छोराछोरीलाई निजी विद्यालयमा अध्ययन गराएको र सो समयमा तत्कालीन माओवादीले शिक्षकका छोराछोरी निजी विद्यालयमा पढाउन नपाउने भन्दै जन कारवाही शुरु गरेपछि छँदाछँदैको जागिर छाडेर हिँडेका पोखरेलको कमाई अहिले शिक्षकको भन्दा कम छैन।

श्रीमती चन्द्रादेवी भट्टराईको साथमा रहेर व्यवसाय शुरु गरेका उनले बिर्तामोडको पश्चिम कसस्टेण्ड नजिकै दीपश्री खाजा घर सञ्चालन गरेका छन्। जहाँ उनी आफैं कुकदेखि वेटरसम्मको काम गर्छन्।

दमक बहुमुखी क्याम्पसबाट अंग्रेजी विषयमा स्नातकोत्तर गर्दै शिक्षण पेशामा आवद्ध उनले शिक्षण पेशा छाडे पनि पढाइलाई भने निरन्तरता दिए। पाँचथरबाट बिस्थापित बनेका उनले झापाको बिर्तामोडमा आएर शुरुमा किराना व्यवसाय सञ्चालन गरे। नयाँ नयाँ अवसरको खोजीमा लाग्ने उनले किराना पसलमा भन्दा होटलमा राम्रो कमाई हुने बुझेपछि बिर्तामोडमै अन्धुवा खोला नजिकै एलिशा होटल सञ्चालन गरे। जहाँ दिन दुई गुण रात चौगुणा भने झैं उनको व्यवसाय फस्टाएर गयो। केही समय होटल ब्यवसाय सञ्चालन गरेका दिलीप अध्ययनको सिलसिलामा पुनः दमक पुगे। दमकमा समेत अध्ययन गर्दै व्यवसाय गरेका उनले दमकमा दुई वर्ष बिताए। किराना र खाजा घर सञ्चालन गरेका उनले दमकमा रहँदा समेत राम्रो आम्दानी गर्न सफल भए। सोही रकमले दिलीपले बिर्तामोडमा घडेरी जोडेर घर बनाउन समेत भ्याए।

दुई छोरी र एक छोरालाई लालनपालन गर्दै गुणस्तरीय शिक्षा दिलाउन उनलाई व्यवसायले नै सघायो। व्यवसायमा रमेका पोखरेल भन्छन्- 'शुरुमा जागिर छाड्दा डिप्रेसन होला झैं भयो। तर, अहिले धन्न जागिर छाडेछु झैं लाग्छ। अहिले म मेरै व्यवसायमा सन्तुष्ट छु।'

जागिर नछाडौं मरिएला भन्ने डर, छाडौं घर कसरी चलाउने भन्ने चिन्ताले त्यो बेला खुब सताएको थियो उनले भने- मर्नुभन्दा बहुलाउनु निको भन्दै लालावाला च्यापेर झापा झरेको म अहिले जागिरमा भन्दा बढी यो पेशामा सन्तुष्ट छु। शुरुमा मलाई पनि पढेका मानिसले काम गर्नु हुन्न भन्ने 'भुत' चढेको रहेछ क्यारे- उनले भने - युरोप जाने चक्करमा ७ लाख डुब्यो। यो संगै वीभीआई नेटवर्किङ व्यवसायमा लागेर पाँच लाख डुब्यो।

जब कमाएको सबै श्रीसम्पत्ति सकेर ऋणमा डुबें तब थाहा भयो पढेर जागिर खानैपर्छ भन्ने घमण्डले मानिसलाई अघि बढ्न दिँदो रहेनछ- पोखरेल भन्छन् - ढिला आँखा खुल्यो तर पनि अहिले सन्तुष्ट छु।

पोखरेलले नर्वे जाने सिलसिलामा सातलाख रुपैयाँ दलाललाई बुझाए। भारतमा रहेको वीभीआई नेटवर्किङ कम्पनीमा लागेर ५ लाख डुवाएर पछि व्यवसायमा फर्किएका उनी अहिले चल्तापूर्जा बिर्तामोडका व्यवसायी हुन्। पोखरेलले शुरु गरेको दीपश्री तास हाउस कुनै समय निक्कै चर्चामा रह्यो। तास हाउससंगै उनले सञ्चालन गरेको फ्राई राइसले समेत उस्तै मार्केट लियो। अहिले फ्राई राइस सवैको रोजाइको खाजा बनेको छ। चौक चौकमा खुलेका पसलमा फ्राई राइसको बिक्री हुन्छ।

खाजा र खाना बनाउन सिपालु दिलीपले कुकदेखि वेटरसम्म हुँदै व्यवसाय हाँकेका छन्। काउन्टरमा श्रीमतीलाई राखेर व्यवसाय शुरु गरेका दिलीपले पछिल्लो समय कटारीको व्यवसाय शुरु गरेका छन्। कटारीको व्यवसाय शुरु गरेसँगै मासु परिकारको पारखीका लागि रोजाई बनेको छ- दीपश्री खाजा घर।

खाजा घरबाटै मनग्ये आम्दानी गरेका दिलीपले ग्राहकलाई आफ्नो पकडमा राख्न सँधै नयाँ-नयाँ परिकारको स्वाद चखाउँछन्। जसका कारण उनको व्यवसाय फष्टाएको छ।

**के हो कटिया ?**

कटिया खशीको मासुवाट बनाइने एक प्रकारको परिकार हो। यो परिकार माटाको हण्डीमा पानी नहाली पकाइन्छ। वाफको माध्यमले पाक्ने यो परिकार अर्ग्यानिक हुन्छ। दीपश्री खाजा घरले पनि पछिल्लो समय मौलिक स्वादमा फरकपन दिएपछि कटियाका पारखीहरुकै कारण दिलीपको व्यापार फस्टाएको छ। रौतहटमा विक्री हुने कटिया काठमाडौं हुँदै झापासम्म बिक्री हुन थालेपछि यसका पारखी पनि वढेका हुन्। कटिया माटोवाट बनाइने भाँडो हो। त्यसैमा पकाइने भएकाले मासुको परिकार नै कटिया नामले चिनिएको पोखेल बताउँछन्। कटियामा मासु पकाउँदा शुरुमा काटेको प्याज, जिराको दाना, लसुनका पोटीसहितका टुक्रा राखेर त्यसमा मासु भरिन्छ। एउटा कटियामा तीन सय ग्राम मासु राखिन्छ, जसमा १२ टुक्रा हुन्छ।

त्यसपछि त्यसलाई प्लेटले छोपेर कोइलाको राग माथि राखेर यसलाई पकाइन्छ। पोखरेलले कटियाको व्यापार शुरु गरेपछि अहिले हेर्नेको समेत घुइँचो लाग्ने गरेको छ। माटोका भाँडामा पानी नहाली पकाइने मासुलाई वेला-वेलामा चलाइन्छ। पाक्ने वेलामा जिरा, धनिया, सुपारी, सुक्मेल, ल्वाङ, तेजपत्ता, जाइफल, जाइपत्री, अलैंची, मरिच, पिप्ला, सोठी, दालचिनी गरी १३ प्रकारका मसलाको प्रयोगका कारण कटिया निक्कै स्वादिष्ट हुन्छ। कटियाको व्यापारका कारण पोखरेल अहिले बिर्तामोडमा मात्रै होइन पूर्वमा परिचित भएका छन्।

## उपमेयर अमेरिकामा लुकेपछि...

**झापा, माघ ९।** विभिन्न कार्यक्रममा सहभागी हुन भन्दै अमेरिकका पुग्ने गरेका केही व्यक्ति उतै लुक्ने गरेका घटना सुन्दै आएपनि जनप्रतिनिधि नै अमेरिका गएर लुकेको घटना सार्वजनिक भएको छ।

भ्रमणका लागि अमेरिका गएकी कालीकोटको तिलागुफा नगरपालिका उपप्रमुख (उपमेयर) दन्ता नेपाली (दर्शना) 'सम्पर्कविहीन' भएकी छन्। नगरपालिका संघमार्फत गोष्ठीमा सहभागी हुन गत कात्तिकमा अमेरिका गएकी नेपालीले कुनै खबर नपठाएको र जानकारी पनि नगराएको मेयर रत्नबहादुर शाहीले जानकारी दिए।

अमेरिका पुगेपछि उपमेयरसँग एकपटक मात्रै सम्पर्क भएको र बिरामी भएकाले फर्कन नसकेको जानकारी गराएको मेयर शाहीको भनाइ छ। अहिले नेपालीको फेसबुक खाता पनि निष्क्रिय छ। उपमेयर नहुँदा न्यायिक समिति र योजना तथा अनुगमन समिति, बजेट कार्यान्वयन तथा सुपरिवेक्षण समितिको काम प्रभावित भएको शाहीले बताए।

योजना अनुगमन समिति, बजेट कार्यान्वयन तथा सुपरिवेक्षण समितिको संयोजक उपप्रमुख हुने प्रावधानका कारण अधिकांश योजनाहरूको भुक्तानी समस्या भएको शाही बताउँछन्। ठेकेदारहरूले दिनहुँ ताकेता गरिरहेकाले समस्या बेहोर्नुपरेको मेयर शाहीको भनाइ छ। नगरपालिका संघका अध्यक्ष अशोककुमार ब्याञ्जूले पनि उपमेयर नेपाली अमेरिका गएको स्वीकार गरे। २०७४ वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा तत्कालीन माओवादी केन्द्रबाट उम्मेदवार भएकी उनी १ हजार आठ सय ४३ मत ल्याएर उपमेयरमा निर्वाचित भएकी थिइन्।

जनप्रतिनिधि नै अमेरिका गएपछि उत्तै लुकेको भन्दै स्थानीय जनताले भने आलोचना गरेका छन्। उमपेयर जस्तो पदमा आसिन ब्यक्तिले नै अमेरिकामा लुकेर नेपालको गरिमा घटाएको सरोकारवालाहरुको भनाइ छ।

## दुर्घटनामा महिलाको मृत्यु

**झापा, माघ ९।** सवारी दुर्घटनामा परेर झापा गौरीगञ्जकी एक महिलाको भारतमा मृत्यु भएको छ। मृत्यु हुनेमा गौरीगञ्ज गाउँपालिका-५ फत्तेपुरकी ३५ वर्षीया करिस्मा गनगाईं रहेकी छिन्।

गौरीगञ्जस्थित फत्तेपुरबाट टेम्पुमा सवार भएर आफन्तको घर जाने क्रममा भारतको टेढागाछ लालपानी भन्ने स्थानमा दुर्घटना हुँदा उनको मृत्यु भएको हो। दुर्घटनामा परी सोही वडाका बबिता गनगाँईं र निलम गनगाईं सामान्य घाइते भएका छन्। टेम्पु अनियन्त्रित भई पल्टिँदा दुर्घटना भएको थियो।

मृतक गनगाईंको शव परीक्षणका लागि किसनगञ्ज अस्पतालमा राखिएको इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी निरीक्षक गणेश भट्टराईले जानकारी दिए।

## घुस लिएको अभियोगमा कार्यालय सहयोगी पक्राउ

**झापा, माघ ९।** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको इटहरी कार्यालयले जिल्ला प्रशासन कार्यालय सप्तरीमा कार्यरत कार्यालय सहयोगी केशवकुमार यादवलाई विहीवार दिउँसो रु. चार हजार घुस लिएको आरोपमा पक्राउ गरेको छ।

मुद्दा पेशीमा राखिदिन्छु भन्दै सेवाग्राहीसँग रु. चार हजार घुस रकम लिँदै गर्दा आयोगको टोलीले कार्यालय सहयोगी यादवलाई जिल्ला प्रशासन कार्यालयको मुद्दा फाँटबाटै पक्राउ गरेको आयोगको इटहरी कार्यालयका प्रवक्ता ज्ञानेन्द्रप्रसाद ढकालले जानकारी दिए। पक्राउ परेका यादवलाई आवश्यक अनुसन्धानका लागि अख्तियारको इटहरी कार्यालयमा लगिएको पनि उनले बताए।

## कलेजको बस दुर्घटनामा एक जनाको मृत्यु

**मोरङ, माघ ९।** मोरङ बिराटनगर-१५ बस्ने ३२ बर्षीय सानु साहको बस दुर्घटनामा परी मृत्यु भएको छ।

विहीवार बिहान साढे ६ बजे मोरङ धनपाल गाँउपालिका पिण्डेश्वरी स्कूल अगाडि बिराटनगर रंगेली सडक-खण्डमा पश्चिमतर्फ जादै गरेको मे१ख ४०९० नम्बरको लर्ड बुद्ध कलेजको बस बाक्लो हुस्सुको कारण अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका साहको न्यूरो अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

बसमा रहेका अन्य ५ जना समेत घाइते भएकोमा उनीहरुको न्यूरो अस्पतालमा उपचार भइरहेको तथा बस र बसका चालक प्रहरीको नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ।

उता उदयपुर त्रियुगा नगरपालिका-१४ जितपुरस्थित सगरमाथा राजमार्गमा विपरीत दिशाबाट आएका बसहरु एकापसमा ठक्कर खाई दुर्घटना हुँदा २८ जना घाइते भएका छन्।

विहीवार गाईघाटबाट साउनेतर्फ जाँदै गरेको मे१ख १७४० नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको बा२ख ५४१८ नम्बरको बस एकापसमा ठक्कर खाइ दुर्घटना हुँदा मे१ख १७४० नम्बरको बसमा सवार १३ जना र अर्को बसमा सवार १५ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। घाइतेमध्ये १८ जनाको जिल्ला अस्पताल उदयपुरमा उपचार भइरहेको छ भने १० जनालाई थप उपचारको लागि बिराटनगर लगिएको उक्त कार्यालयले जनाएको छ।

## बाल्टिनमा डुबेरमा मृत्यु

**झापा, माघ ९।** सर्लाही जिल्लाको कविलासी नगरपालिकामा बाल्टिनमा डुबेर १२ महिनाकी एक बालिकाको मृत्यु भएको छ।

नगरपालिका-८ अगर्वा बस्ने सरोजकुमार यादवकी छोरी नन्दनी यादवको खेल्ने क्रममा बाल्टिनमा डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिपुरका प्रहरी निरीक्षक बिक्रम साहले जानकारी दिए। रासस

## सहारा ...

आफ्नो स्वास्थ्य, विश्वास, मेरो खुशी मेरो सहारा, साक्षरता अभियान सञ्चालन, हामी उठौं-राष्ट्रिय विपत्तिमा जुटौं, विकासका लागि स्थानीय तह सँगसँगै, अवसर, वातावरण मैत्री गाउँ निर्माण लगायतका ५० भन्दा बढी कार्यक्रम सञ्चालनमा रहेको सहकारीका अध्यक्ष ताराप्रसाद सञ्जेलले जानकारी दिए।

**सदस्य माझ सबै कार्यक्रम उत्तिकै लोकप्रिय**

सहकारीले आफ्ना शेयर सदस्यकाबीच सञ्चालन गरेको सबै कार्यक्रम उत्तिकै लोकप्रिय छन्। जसमध्ये सदस्य पोषण कार्यक्रमले संस्थाका ज्येष्ठ सदस्यलाई स्वस्थ रहनका लागि पोषणयुक्त खानामा सहयोग पुऱ्याउँदै आएको छ। सहकारीले ६५ वर्ष पूरा गरेका शेयर सदस्यलाई ६ हजार रुपैयाँ पोषण भत्ता बापत रकम प्रदान गर्दै आएको छ। जसका कारण सहकारीमा आवद्ध ज्येष्ठ सदस्यलाई राहत मिलेको उपाध्यक्ष हरिप्रसाद निरौला बताउँछन्।

**सहकारीले सञ्चालन गरेका कार्यक्रमहरु**

सहकारीले सञ्चालन गरेको अर्को कार्यक्रम हो- ज्येष्ठ सदस्य सम्मान कार्यक्रम। यस अनुसार सहकारीमा आवद्ध ७० वर्ष उमेर पूरा गरेका व्यक्तिलाई प्रोत्साहन भत्ता प्रदान गरिन्छ। ७० वर्ष पुगेकालाई आठ हजार रुपैयाँ र ८१ वर्ष उमेर पुगेकालाई १० हजार रुपैयाँ प्रोत्साहन भत्ता प्रदान गर्दै आएको छ।

सस्थाका सदस्य पूर्ण रुपमा अशक्त तथा मृत्यु भएको अवस्थामा सदस्यको जीवनयापनमा सहज होस् भन्ने उद्देश्यले पाँच लाख रुपैयाँसम्म परिवार राहत कार्यक्रममा सहयोग पुऱ्याउँदै आएको छ।

दीर्घायु सदस्य भत्ता कार्यक्रम अनुसार संस्थामा आवद्ध ज्येष्ठ सदस्यको दीर्घ जीवनको कामना गर्दै ८६ वर्षदेखि ९९ वर्षसम्मका शेयर सदस्यलाई वार्षिक २५ हजार रुपैयाँ भत्ता प्रदान गरिँदै आएको छ।

त्यसैगरी सहकारीले सञ्चालन गरेको अर्को महत्वपूर्ण कार्यक्रम हो- सञ्जीवनी। यो कार्यक्रममा सहकारीमा आवद्ध शेयर सदस्यलाई रोग लागेको खण्डमा निःशुल्क औषधि उपचार गरिन्छ। शेयर सदस्य विरामी भएपछि नियमित औषधि सेवन गर्दा हुने आर्थिक बोझलाई कम गर्न सहकारीले नै १० वटा रोगका लागि औषधि प्रदान गर्दै आएको छ। यसमा उच्च रक्तचाप, मधुमेह, थाइराइड, कोलस्ट्रोल, युरिक एसिड, मुटु, मृगौला, दम, छारेरोग र कोलाइटिक्सका बिरामीलाई औषधि वितरण गर्दै आएको बताइएको छ।

सहकारीले सञ्चालन गरेको अर्को कार्यक्रम हो- आश्रय कार्यक्रम। यो वर्ष चार सय जना विपन्न समुदायको घर निर्माण गर्ने सहाराको लक्ष्य छ। स्थानीय तह र सहयोगी संस्थासंग समन्वय गर्दै विगतका वर्षदेखि नै सहकारीले विपन्न समुदायको घर निर्माण गर्दै आएको छ। अति विपन्न परिवारका लागि सहकारीकै पूर्ण लगानीमा पाँच वटा नमूना घर निर्माण गर्ने कार्यक्रम रहेको सहकारीका महासचिव ज्ञानुनाथ मैनालीले बताए। यो कार्यक्रम सहकारीमा आवद्ध शेयर सदस्यका लागि मात्र नभई सवैका लागि भएको बताइएको छ।

त्यसैगरी जीवन बरदान कार्यक्रम सहकारीले सञ्चालन गरेको अर्को लोकप्रिय कार्यक्रम हो। यो कार्यक्रम अन्तरगत कुनै पनि शेयर सदस्य विरामी भएर शल्यक्रिया गर्नु परेको खण्डमा वा उपचार, प्रसूति सेवा, दुर्घटना तथा विशेष रोगको उपचार गर्नु परेमा सहकारीले सहयोग पुऱ्याउँदै आएको छ। यस वर्षदेखि सवै प्रकारका सानाठूला रोगको लागि शल्यक्रिया गर्नु परेमा सवै खर्च संस्थाले व्यहोर्ने छ भने क्यान्सर, मुटु, मृगौला, अल्जाइमर्स, पार्किन्सन्स, लिभर, स्पाइनल इञ्ज्युरी, मष्तिस्कघात, जस्ता रोगमा पनि सहकारीले उपचारको बीलका आधारमा ६ लाख रुपैयाँसम्म सहयोग गर्न शुरु गरेको छ। मृगौला, मुटु र लिभर ट्रान्सप्लान्ट गर्नु परेको खण्डमा १० लाख रुपैयाँ दिन शुरु गरेको सहकारीका कार्यकारी निर्देश गिरीले जानकारी दिए।।

सहकारीले महिला सशक्तिकरणका माध्यमवाट सामाजिक, आर्थिक रुपमा सक्षम महिलाहरु तयार गर्दै लगेको छ। सहाराका महिला सवै क्षेत्रमा पहिला कार्यक्रम अन्तर्गत यस वर्ष पनि सहकारीले १० वटा पालिकाहरुमा महिला सञ्जाल गठन गर्दै महिलाहरुको नेतृत्व विकास, उद्यमशीलता र सिपमूलक ज्ञान प्रदान गर्दै सामाजिक र आर्थिक रुपमा सक्षम बनाउँदै लगेको छ।

सहकारीले साझेदारी अवधारण अनुसार सतासी महिला मौरीपालन कृषि सहकारी संस्थासँगको साझेदारीमा मौरी मह उद्योग सञ्चालनमा ल्याएको छ। यो उद्योगले अहिले ५० हजार केजी मह उत्पादन गर्दै आएको छ। यस आर्थिक वर्षमा उद्योगका लागि जग्गा खरिद, उपकरण तथा भवन निर्माण गर्ने लक्ष्य लिइएको सहकारीका कार्यकारी निर्देशक गिरीले बताए।

**पाँच करोड रुपैयाँ कर तिर्दै सहारा**

बचत तथा ऋणको कारोवारसँगै सामाजिक काममा समेत सक्रिय रहेको सहारा नेपाल सहकारी संस्थाले लाभकर वापत एक करोड ६० लाख र अन्य कर वापत तीन करोड रुपैयाँ गरी चार करोड ११ लाख रुपैयाँ गत वर्ष सरकारलाई कर बुझाएको छ। चालू आर्थिक वर्षमा लाभ कर एक करोड ६० लाख सहित पाँच करोड २० लाख रुपैयाँ करमा योगदान रहने कार्यकारी निर्देशक गिरीले बताए।

## बलात्कार ...

उनी भारत जानुलाई अर्थपूर्ण रुपमा लिइएको छ।

मुलुकी फैजदारी कार्यविधि संहिताको दफा ७३ अनुसार परेका निवेदनको सुनुवाइ उच्च अदालतले प्रत्येक बिहीबार गर्दै आएको छ। गत बिहीबार नै पेसी तोकिएको मुद्दाको सुनुवाइ बलात्कार पीडित भनिएकी महिलाका कानून व्यवसायीले हटाएपछि स्थगित भएको थियो।

दीक्षा दिने भन्दै मध्यरातमा बोलाएर सुनसरीको चतराधामस्थित आफ्नै आश्रममा कात्तिक ४ गते बलात्कार गरेको किटानी जाहेरी एक महिला अनुयायीले दिएपछि सिद्धबाबालाई मंसीर १६ गते पक्राउ गरेर सुनसरी प्रहरीले जबरजस्ती करणी मुद्दामा अनुसन्धान थालेको थियो। जिल्ला अदालत सुनसरीका न्यायाधीश राधाकृष्ण उप्रेतीको इजलासले मागेको धरौटी वापतको तीन लाख रुपैयाँ बुझाएर पुस १४ गते उनी छुटेपछि मुद्दा उच्चमा पुगेको थियो।

बलात्कार आरोपमा किटानी जाहेरी दर्ता भएपछि बिरामी भएको भन्दै सिद्धबाबा मंसीर १२ गतेबाट विराट नर्सिङ होममा भर्ना भएका थिए। उपचारका क्रममा ३८ दिनसम्म अस्पतालमा रहेका उनले अनुसन्धान अवधिमा भने प्रहरी हिरासत बस्न परेन। उजुरी दर्ता भएको बाहिरिएपछि छाती, मुटु, प्रोस्टेट र पत्थरीको समस्या देखाउँदै कृष्णबहादुर अस्पताल भर्ना भएका थिए। अवस्था गम्भीर बनेको भन्दै उनलाई आईसीयूमा भर्ना गरेर उपचार गरिएको थियो।

प्रहरीले मंसीर १६ गते आईसीयूबाट नै पक्राउ गरेर अदालतबाट म्याद थप गर्दै घटनाको अनुसन्धान अघि बढाएको थियो। उनलाई अस्पतालका वरिष्ठ मुटु रोग विशेषज्ञ डा. ज्ञानेन्द्र गिरीले 'माइनर हर्टअट्याक' भएको बताउँदै उपचार गरेका थिए। अस्पतालबाट पुस २० गते डिस्चार्ज भएपछि कृष्णबहादुर सिँधै चतरास्थित आफ्नो आश्रममै पुगेका थिए।

बलात्कार जस्तो जघन्य अपराधमा समेत अदालतले साधारण तारेखमा छाडेको भन्दै आलोचना समेत भएको थियो। एकै प्रकृतिको मुद्दा खेपेका पूर्वसभामुख कृष्णबहादुर महरालाई कारागार चलान गर्नु तर 'सिद्धबाबा' भनिने कृष्णबहादुरलाई उन्मुक्ति दिने निर्णयले कानूनविद्को मत बाझिएको थियो।

## नेकपा ...

र स्थानीय तहतर्फ अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख, उपप्रमुख २७४ गरी कूल ३६७ जना मतदाता थिए। प्रदेश र स्थानीय गरेर कूल मतभार भने ९ हजार ३ सय ९६ रहेको छ।

नेकपाका तर्फबाट दलित कोटामा बिजयी अछामी पूर्व खेलकुद राज्यमन्त्री हुन्। उनी पार्टीको केन्द्रीय सदस्य र मोरङ जिल्ला कमिटीका सह-इञ्चार्ज छन्। महिलातर्फबाट बिजयी सुनसरी इटहरीकी गौतम प्रधानमन्त्रीका परराष्ट्र ममिला सल्लाहकार डा. राजन भट्टराईकी सासू हुन्। त्यसैगरी, अन्यतर्फबाट विजयी बनेका दाहाल तत्कालीन एमालेको झापा जिल्ला सचिव एवम् हाल पार्टीको केन्द्रीय सदस्य तथा झापा जिल्ला सह-इञ्चार्ज छन्।

## दीपक ...

अब उनलाई अनुसन्धान अगाडि बढाउने प्रहरीले जनाएको छ। मनाङ्गेले एन्फा कास्कीका अध्यक्ष गुरुङलाई कुटपिट गरेका थिए।

**बिक्रीमा**

झापा बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङस्थित ब्लड बैंक नजिकै १३ धुर कमर्सियल जग्गामा बनेको एक तल्ले नयाँ र आकर्षक घर तु-विक्रीमा छ। इच्छुक महानुभावहरुले सिधा सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८४१८७१५७९, ९८१४९८४४४०**

**कपडा पसल विक्रीमा**

बिर्तामोडको मुटुमा रहेको हनुमान कम्प्लेक्सको दोस्रो तलामा चालू अवस्थामा रहेको लेडिज फेन्सी कपडा पसल तु-विक्रीमा छ।

**सम्पर्क: ९८०१०६५०१३,**

**घरजग्गा बिक्रीमा**

बिर्तामोडस्थित सिने प्लाजादेखि अन्धुवा खोला पश्चिम खानेपानी ट्यांकी जाने कोलोपत्रे सडकबाट १०० मिटर पश्चिमपट्टि ४ कोठाको टिनको छाना भएको साढे सात धुर जग्गासहित घर विक्रीमा छ।

किन्न इच्छुकले सिधा सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८४४६४२०९५, ९८१७९९०२९९**

**कर्मचारी आवश्यकता**

हाम्रो यस हरिओम (UPVC) उद्योगमा बजार प्रतिनिधिको आवश्यकता परेकाले निम्न योग्यता भएका इच्छुकले सम्पर्क गर्नुहोला।

योग्यता :
- न्यूनतम् +२ पास
- मोटरसाइकलको लाइसेन्स भएको
- मानिससँग अन्तरक्रिया गर्न सक्ने क्षमता भएको

नोटः अनुभवीलाई प्राथमिकता दिइनेछ। सम्पर्क मितिः २०७६।१०।१८ गतेसम्म

सम्पर्क नं. 023-542461, 9842717153, 9842698514, 9852672863) Email :hariomudhyog@gmail.com

**LECTURER REQUIRED**

Providence College of Management Birtamode-1, Jhapa requires an experienced candidate with Post graduate degree to teach business statistics in **BBS 1st Year.** Candidates can apply to the college office with their CV and credentials.

*For further information contact*

**Providence College of Management**
Birtamode-1, Jhapa, 9804952506
Email: balmiki.edu@gmail.com

**Wanted**

A Reputed English Medium School is looking for a **Computer Teacher** for lower secondary Level.
*Qualified and interested candidates can apply for the post.*
*For Further details Contact:*
**Little Angel's English School**
Bitamode-5, Jhapa
Phone No: 023-543995, 9844695652

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो म्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# एम्बुलेन्स जीवन रक्षक बनिनु पर्छ

एम्बुलेन्स शारीरिक रुपले संकटमा परेकाहरुको जीवन रक्षाको आधार हो । कुनै घटना–दुर्घटनामा परेका वा शरीरको व्यथाले च्यापेका समय तत्काल र छिटो अस्पताल पुऱ्याउने सुरक्षित सवारीसाधन भएकाले यसलाई जीवन रक्षक भनिएको हुनसक्छ । जनताका जन्मसिद्ध अधिकारको सूचीमा पर्ने स्वास्थ्य सेवासँगै प्रत्यक्षतः गाँसिएको एम्बुलेन्स अझै ग्रामीण क्षेत्रको पहुँचमा छैन । शहर–बजार क्षेत्रमा भने पर्याप्त सेवासुविधा पुऱ्याइरहेको एम्बुलेन्स कहिलेकाहीँ दुरुपयोग हुने गरेको समाचार पनि सार्वजनिक भइरहेका छन् । एम्बुलेन्सले सेवा प्रवाह गरेर संकटमा परेको जीवनको रक्षा गर्नुको साटो सुविधाको दुरुपयोग गरी आर्थिक लाभ लिने गरेको भन्दै आलोचना पनि हुने गरेको छ ।

जीवन रक्षासँग जोडिएको विषय भएका कारण यसको सञ्चालनमा निश्चित मापदण्ड समेत निर्धारण गरिएको छ । मानवीय सेवाका लागि अनुमति लिएर सञ्चालन गरिएका एम्बुलेन्सहरुले दिने सेवा नियमसम्मत भए–नभएको समय–समयमा परीक्षण गर्ने गरिन्छ । झापामा पनि जिल्ला प्रशासन कार्यालय नेतृत्वको अनुगमन टोलीले दमकमा सञ्चालित एम्बुलेन्सहरु र तिनले प्रवाह गर्ने सेवाको अनुगमन गर्दा झण्डै आधाजसो नियम विपरीत सञ्चालनमा रहेको पाइयो । त्यसअघि बिर्तामोडमा गरिएको अनुगमनमा पनि नियम र मापदण्ड विपरीत सञ्चालनमा रहेका एम्बुलेन्सउपर कारवाही गरिएको थियो ।

सरकारले एम्बुलेन्स सञ्चालनका लागि निर्देशिका जारी गर्दै यसको वर्ग छुट्याएको छ । एम्बुलेन्स सञ्चालकहरुले प्रवाह गर्ने र गरेको सेवाका आधारमा क देखि ग वर्ग मा वर्गीकृत एम्वुलेन्सहरुबाट त्यस अनुसारको सेवासुविधा प्रवाह नभइरहेको गुनासो बढिरहेका बेला गरिएको अनुमगनले तिनीहरुलाई कर्तव्य निर्वाहमा सचेत तुल्याउँछ । एकातिर दर्ता हुने र अर्कातिर सञ्चालन गर्नेदेखि प्राथमिक उपचार सामग्री नराख्ने, नवीकरण नगर्ने, चालक नै मापदण्ड अनुसार नहुने र वर्गीकृतका आधारमा सेवा प्रवाह नगर्ने एम्बुलेन्सहरु कारवाहीको भागी हुनैपर्छ । मानवीय सेवामा समर्पित रहने शर्तसहित सञ्चालित एम्बुलेन्सहरु राष्ट्रिय समन्वय समितिको निर्देशन अनुसार नचल्ने हो भने ती जीवन रक्षाका आधार हुन सक्दैनन् ।

राजश्व छुट लिएर राज्यको सेवासुविधा लिएका एम्बुलेन्सहरु चालकको स्वार्थमा दौडिएको गुनासो नौलो होइन । त्यस्तै धर्म र मापदण्ड विपरीत यात्रु बोकेको समाचार पनि सार्वजनिक भएकै हो । त्यसबाहेक यदाकता लागूऔषध तथा अवैध वस्तुको ओसारपसारमा प्रयोग भएको घटनाहरु पनि छन् । यस्तोमा तिनको समेत अनुगमन गरेर नियमन गर्ने काम अनुगमन समितिभन्दा माथि जिल्ला प्रशासन कार्यालयले दृढताका साथ गर्नुपर्छ । यसले कोही पनि ऐन कानूनभन्दा माथि हुँदैनन् भन्ने सन्देश प्रवाह हुन्छ । जसको परिणाम संकटमा परेको मानव जीवनलाई अत्यावश्यक सेवासुविधासहित यथासमय उपचार दिन सकिन्छ ।

# चुरे नजोगाए सिद्धी नहर बन्द !

**प्राकृतिकरुपमा भरिपूर्ण भए पनि मानवीय आवश्यताकै कारण प्रकृतिको दोहन गरिरहेका छौं। यसले हाम्रो प्रकृतिको प्राकृतिक नियमहरु भत्किरहेका छन्। त्यसलै हाम्रो क्षेत्रमा कृषि क्षेत्रमा पनि ठूलै असरहरु गर्ने गरेको देखिएको छ।**



नरेन्द्र ढकाल

प्राकृतिक सम्पदाको संरक्षण गर्ने दायित्व हामी सबैको हो । मानविय आवश्यकतालाई तत्काल पूरा गर्ने बहानामा हामीले प्राकृतिक स्रोत र साधनको दोहन गर्दा भोलिका पुस्तामा कस्तो असर गर्ला एकपटक सोच्न जरुरी छ । पूर्वी नेपालको झापा र इलामको चुरे क्षेत्रमा भइरहेको दोहन रोक्न स्थानीयले देखाएको सक्रियतालाई प्रशंसा गर्नैपर्छ । चुरे संरक्षणमा इलामको रोङ गाउँपालिकाको भूमिका महत्वपूर्ण देखियो त्यसमा पनि वडा नम्बर ६ का वडाध्यक्ष मनीकुमार स्याङ्वो (सुवास)ले देखाएको सक्रियता सराहनीय छ ।

बालुवा, गिट्टी संकलन तथा चरिचरण लगायत गतिविधि माथि रोक नलगाए, अन्नको भकारी भनिने मधेसको जग्गा मरुभूमिमा परिणत हुने निश्चित हुँदाहुँदै पनि यसलाई रोक्न मेचीनगर नगरपालिकाले पहल गरेको देखिन्न । मेचीनगर नगरपालिकाले पहल नगर्दा तस्करहरुले रोङ गाउँपालिकाको चुरे क्षेत्रको दोहन गरिरहेको जनप्रतिनिधिहरु बताउने गर्छन् ।

जलवायु परिर्वतन, पर्वतीय वातावरण र मानव जातिको भविष्यका विषयमा अहिले नै जागरुक नहुने हो भने भोलीका दिनमा ठूला विपत्तिको सामना गर्नुपर्ने हुन्छ । आज सिद्धी नहरको पानी बन्द हुँदा उपभोत्तालाई क्षणिक असर त पऱ्यो होला, तर तस्करहरुलाई चुरे क्षेत्र दोहन गर्न दिइरहने हो भने नहर बन्द गर्नै पर्दैन, अबको केही वर्षमा नै पानीको मुहान सुकेर सुख्खा पहिरो जान थाल्छ अनि के गर्ने ? उखान नै छ- पोहोर मरिन् सासु अहिले आयो आँशु । के गर्ने त्यस बेला आएको बुद्धि या त्यसबेला पश्चताप गरेर पानी मुहान जस्ताको त्यस्तै बनाउन सकिन्न । त्यसलै तस्करी रोक्न उत्तरी झापाका बासिन्दा पनि सक्रिय हुन जरुरी छ । यसमा रोङ-६ का वडाध्यक्ष सुवासको अडानलाई सबैले साथ दिएमा भावीपुस्ताले पनि यो प्रकृतिको उपभोग गर्ने अवसर पाउने छन् । तर, पैसाको लोभमा क्षणिक मोजमस्तीमा हिँड्ने हो भने विनाश तपाई आफैले निम्त्याउनु हुँदैछ ।

चुरे दोहन नरोकिए मधेसको जग्गा मरुभूमिमा परिणत हुने निश्चित छ । चुरे दोहनका कारण पानीको स्रोत सुकिरहेको छ । भूमिगत पानीको स्रोत पनि भासिइरहेको छ । यो प्रक्रिया नरोक्ने हो भने मधेस मरुभूमि बन्दैछ । माथिल्लो तहको सेटिङमा टिपर लगाएर खोला तथा नदी उत्खनन् गराउने काम भइरहेको छ त्यसलाई रोक्न जनता जाग्नुपर्छ अब । तराई मधेसमा वर्षेनि आउने बाढी, कटान तथा मरुभूमिकरण चुरे दोहनकै कारण हो भन्ने विषयमा वातावरण विज्ञहरुले स्पष्ट पारिसकेका छन् ।

झापाको मेची नदीबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन् तीव्ररुपमा भइरहेको समाचारहरु आइरहेको छ । मेचीनगर नगरपालिकाले यो क्षेत्रमा लामो समयदेखि नदी उत्खनन्मा रोक लगाएको थियो । तर, उत्खनन् रोकिएको छैन । उत्खनन् नरोकिन नगरपालिकाले चासो नदिनुले कतै मिलेमतो त छैन भन्ने शंका पनि उब्जिएको छ । चुरेमा भइरहेको चरम दोहनबारे स्थानीयले पटक-पटक सरोकारवाला निकायको ध्यानाकर्षण गराए पनि त्यसलाई रोक्न चासो दिइएको छैन ।

रोङ गाउँपालिकाले ढुंगा, गिट्टी, बालुवा उत्खनन्मा रोक लगाएको स्थानमा उत्खनन् नरोकिएपछि सलकपुर गाउँका स्थानीयले सिद्धी नहरको गेट बन्द गरे तत्कालीन अवस्थामा नहर बन्द गर्नु गल्ती झैं लागे पनि वास्तविकता बुझ्ने हो भने झापालीकै हितमा इलामबासीले यो निर्णय गरे । यसमा एकमत भएर इलामबासीलाई साथ दिने हो भने नहर बन्द गर्नुपर्ने कुनै कारण नै आउने छैन । यदि चुरेको संरक्षण अहिले नै नगर्ने हो भने सिद्धी नहर सदाका लागि बन्द हुन्छ । त्यसबेला ठूलै प्राकृतिक विपत्तिको सामना हामी मानवले भोग्नुपर्ने हुन्छ । तत्काल त्यसको असर नदेखिए पनि भोलि तपाईको गल्तीको सजाय तपाईको सन्ततीले भोग्नुपर्ने हुन्छ । त्यसैले प्रकृतिको संरक्षण गरौं नदी र चुरे दोहनको विरुद्धमा एकजुट हौं ।

नेपाल एउटा कृषिप्रधान देश हो । त्यसैले जलवायु परिर्वतनको हाम्रो कृषि बालीमा असर पर्ने विषयमा चनाखो हुन जरुरी रहेको छ । कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रभावलाई कसरी घटाउने भन्ने कुरा गर्नुभन्दा पहिले जलवायु परिवर्तनमा कृषि क्षेत्रको योगदानबारे पनि बुझ्नुपर्ने हुन्छ र कुनै पनि असरहरुको प्रभावलाई कम गर्ने सशक्त उपाय भनेको नै त्यसको कारणहरुलाई बुझेर त्यसै अनुरुप कदम उठाउनु हो । कृषिका लागि वातावरण पहिलो कारकतत्व हो । नेपाल भौगोलिक र प्राकृतिकरुपमा भरिपूर्ण भए पनि मानवीय आवश्यताकै कारण प्रकृतिको दोहन गरिरहेका छौं । यसले हाम्रो प्रकृतिको प्राकृतिक नियमहरु भत्किरहेका छन् । त्यसलै हाम्रो क्षेत्रमा कृषि क्षेत्रमा पनि ठूलै असरहरु गर्ने गरेको देखिएको छ । कतै बिरुवा मर्ने त कतै फल नलाग्ने समस्या त सुन्दै आएकै छौं भोलिका दिनमा हाम्रै ठाउँमा पानीका मुहानहरु सुकेर बगरमात्र भएको देख्नुपर्ने दिनहरु पनि नआउला भन्न सकिन्न ।

चुरे क्षेत्रमा पहिरो जानेक्रम बढेर गरेको गृह मन्त्रालयको तथ्यांकले प्रष्ट पारिसकेको छ । तलतिर जमिन उजाडिँदै गएको छ । पानीका मुहान सुकिरहेका छन् । चुरे आसपासका बस्ती बाढी-पहिरोको जोखिममा परेका छन् । चुरेमा हुने अनियन्त्रित उत्खनन् रोक्ने निकाय भने असफल जस्तै देखिने गरेको छ । राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिको सिफारिसमा सम्बन्धित निकायले उत्खनन्का लागि अनुमति दिने गरे पनि त्यसको दुरुपयोग हुने गरेको छ । स्थानीय तहहरूले नदीनालाबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन्लाई आम्दानीको प्रमुख स्रोत बनाएका छन् । तर, संरक्षणमा भने खासै ध्यान दिएको पाइन्न ।

इलामदेखि कञ्चनपुरसम्म ३६ जिल्लामा मुलुकको कूल भू-भागको १२ दशमलव ७८ प्रतिशत चुरे क्षेत्र पर्छ । तर, चुरे संरक्षणमा राज्यले आफ्नो ध्यान केन्द्रित नगर्दा वर्षेनि



तस्करहरुको मुख्य कमाइ खाने थलोको रुपमा प्राकृतिक सम्पदाको दोहन गरिरहेका छन् । चुरे संरक्षण जस्तो गम्भीर विषयमा सम्बन्धित निकायको गम्भीर चासो हुनुपर्ने हो । यही तरिकाले चुरे संरक्षण हुन गाह्रो छ, सबै कमाउने धन्दामा लागेपछि संरक्षण कसरी हुन्छ ? त्यसैले यसपटक रोङ-६ का स्थानीयले लिएको अडान र त्यसमा जनप्रतिनिधिले दिएका साथलाई भने प्रकृतिको संरक्षणमा ठूलो सहयोग मिलेको छ । तस्करी रोक्न मेचीनगर नगरपालिकाले चासो दिएर चुरे क्षेत्रको संरक्षणमा ध्यान दिनुपर्ने तडकारो आवश्यकता देखिएको छ ।

*(पत्रकार ढकाल रोङ गाँउपालिकाका स्थायी बासिन्दा हुन् ।)*

# अज्ञानताले लागूपदार्थ...



देखासिकी वा नक्कल गर्नु), चेतनाको कमी (लागूपदार्थ सम्बन्धी), अभिभावकहरुको हेरचाहमा कमी, मनोरञ्जन, गलत साथी (लागूपदार्थ सेवन गर्ने साथीहरुको संगत), नकारात्मक सोचाईलाई व्यवहारमा उतार्नु, पारिवारिक वातावरण, असफलता, निरास, आवश्यकभन्दा बढी पैसा उपलब्ध हुनु, स्वाद चाख्नु (अनुभव गर्न खोज्नु), आधुनिक बन्न खोज्नु ।

**लागूपदार्थ दुर्व्यसनीका संकेतहरु :**

**शारीरिक परिवर्तन :**

आँखा रातो हुने तथा आँखाको नानी सामान्य अवस्थाभन्दा सानो वा ठूलो हुने । खाना खाने र सुत्ने बानीमा परिवर्तन हुने । विगतको तुलनामा शरीर फोहर राख्ने वा फोहोरी देखिने । तुरुन्तै तौल घटबढ हुने । शरीर तथा अनुहारको चमक हराउँदै जाने, ओठ सुक्खा देखिने । शरीर, श्वास, र कपडाबाट अस्वभाविक गन्ध आउने । शरीर तथा हात गोडा काँप्ने, बोली लर्बरिने तथा लर्बराउने । हाच्छ्यु वा हाइहाइ बढी गर्ने । हात-खुट्टाका मांसपेशीहरु बटारिने । शरीरमा घाउ खटिराहरु आउने । कहिलेकाहीँ एक्कासी बेहोस हुने ।

**व्यवहारमा परिवर्तन :**

बोली व्यवहारमा रुखोपन आउने वा अपशब्द बोल्ने । नियमित रुटिनमा नचल्ने, काम तथा स्कूल कलेजमा अनुपस्थित हुने । कार्यदक्षता खस्किँदै जाने । पैसाको आवश्यकता बढ्ने, जहिले आर्थिक समस्या पर्ने जसका कारण ठग्ने, चोर्ने तथा ऋण लिने । गोप्य र शंकास्पद व्यवहार गर्ने, साथी संगत, चाहना आदि परिवर्तन हुने । झगडा, दुर्घटना र गैर कानूनी काम पटक-पटक गर्ने । कोठा सधै अस्तव्यस्त र फोहोर राख्ने ।

**मानसिक वा मनोविज्ञानमा परिवर्तन :**

अस्वभाविकरुपमा व्यक्तित्व र विचारमा परिवर्तन हुने । बिना कुनै कारण दिग्भ्रमित, चिन्तित, भयभित रहने । उत्साह र उत्प्रेरणा नदेखिने सधैँ थकित र टवाल्ल परेर बस्ने । रीस उठने, रिंगटा लाग्ने, अस्वभाविक रुपमा आक्रोशित हुने । तुरुन्त सोच बदल्ने, झर्किने, रिसाउने ।

**लागूपदार्थ दूर्व्यसनले ल्याउने नकरात्मक असरहरु :**

काम गुमाउनुपर्ने अथवा पढाई नराम्रोसँग बिग्रने । लागूपदार्थहरुको मूल्य बढ्दै गएको कारणले व्यक्ति ऋणमा पर्ने । कानूनी भन्झटहरुमा पर्न सकिने । सामाजिक सम्मान र स्तर गुम्ने । पारिवार तथा साथीहरुको सम्मान तथा मायाबाट टाढा हुने । शारीरिक स्वस्थता गुम्ने । मानसिक तथा भावनात्मक असर । गम्भीर अपराधहरुमा संलग्न हुन सक्ने । विद्यालय तथा नोकरीबाट निष्काशन तथा कार्यप्रदर्शनीको सीपमा कमी । भावनात्मक रुपमा बेला-बेलामा आवेगमा आउनु । नैराश्यता, एक्लोपना र आत्महत्याको इच्छा आदि भावनाहरु पलाउने । पैसाको लागि यौनसम्पर्क गर्नेसम्मको सम्भावना हुने । संवेगमा आइहाल्ने तथा बेला-बेलामा आवेगमा आउन सक्ने सम्भावना हुने ।

**अर्न्तव्यक्ति सम्बन्धहरु :**

प्रभावकारी सञ्चारमा हस्तक्षेप, चर्को विवादहरु, दैनिक जीवनमा बढी हिंसा, अन्य ब्यक्तिसँग मानसिक तथा शारीरिक निर्भरता, मस्तिष्क तथा श्वास-प्रश्वासमा नकारात्मक असर ल्याउँछ, मुटुको चाल तथा रक्तचापमा अत्यधिक बृद्धि, खानामा एकदम कम रुची हुनु तथा भिटामिन ग्रहण गर्ने क्षमतामा कमी आउनु ।

**शारीरिक असरहरु :**

मस्तिष्क कोषहरु विस्तारै नाश गर्दै जान्छ । शारीरिक व्यायामहरु तथा खेलहरुमा कमी ल्याउँछ । सामञ्जस्यता कायम गर्नमा अवरोध । शरीरको तापक्रम घटबढ भइरहने । शरीरका इन्द्रीय शक्तिहरु शिथिल हुनु । भिटामिन ग्रहण गर्न सक्ने क्षमतामा कमी हुनु ।

**सुरक्षा तथा चोटपटक रोकथाम :**

रिंगटा लाग्ने तथा अस्थिरता बढाउने । दुर्घटनाहरुको जोखिमहरुलाई बढाउने । लागूऔषधि तथा धुमपानको एक समयमा सेवन गर्नाले बेहोस हुने अथवा मृत्युसम्म पनि हुन्छ ।

**रोगहरु तथा अनियमितता :**

मृगौला खराबीको जोखिम, एच.आई.भी./हेपटाइटिस संक्रमणको जोखिम, मुटुको रोगको कारण हुन सक्छ, धुमपान पनि साथसाथै गर्नाले क्यान्सरको अधिक सम्भावना हुन्छ, रोग प्रतिरोधात्मक क्षमतामा कमि आउने भएकोले अन्य साधारण रोगहरुको जोखिम बढ्न सक्छ ।

**आर्थिक अवस्थाः**

स्कूल, कलेज तथा नोकरीमा नियमित रुपमा अनियमितता । लागू दुर्व्यसनलाई नियमितता दिन महँगो हुने । स्वास्थ उपचारको खर्चमा वृद्धि । परिवारमा आर्थिक अस्तव्यस्तता ।

७) लागूपदार्थ दुर्व्यसनबाट बचाउन अभिभावकको भूमिका

लागूपदार्थ दुर्व्यसनविरुद्ध सम्बन्धि चेतना फैलाउनु, लागूपदार्थको नकारात्मक असरबारे जानकारी गराउने, बालबालिकाको अगाडी खैनी, चुरोट, जाँड रक्सी जस्ता पदार्थ सेवन नगर्ने, उनीहरुले भेट्ने स्थानमा नराख्ने, उनीहरुको चाहनालाई आवश्यकताभन्दा बढी पूरा नगर्ने, खेलकुद सांस्कृतिक, साहित्य, शिक्षा, सिपमूलक आदि कार्यक्रमतिर उत्साहित गर्ने, पढाई, बानीव्यहोरा, साथीसंगत आदि कुरामा विचार गर्ने, साथीसंगतको छनौट अनि उनीहरुको नकारात्मक दबाबलाई प्रतिरोध गर्न सिकाउने, अभिभावकले मादकपदार्थ सेवन गरेको बालबालिकालाई थाहा नदिने, कुनै औषधिहरु प्रयोग गरेको थाहा पाएमा सो औषधि सम्बन्धी जानकारी लिने, तपाईको बालबालिका पढ्ने स्कूल कलेजमा कम्तिमा बर्षमा एकपटक लागूपदार्थविरुद्ध चेतना फैलाउन दबाब दिने ।

**लागूपदार्थ सेवन गरेको थाहा पाए के गर्ने**

प्रयोगकर्ताले प्रयोग गरेको सजिलै स्वीकार्दैनन् उसलाई धम्क्याउने, पिट्ने, पुलिस चौकीमा थुनाउने जस्ता कार्य गर्नुहुँदैन, अनावश्यक सल्लाह सुझाव दिनुहुदैन, भोलिदेखि प्रयोग गर्न छोड्छु भन्ने कुरामा विश्वास राख्नु हुँदैन । प्रयोगकर्ताले राखेका निम्न शर्तहरु पूरा भए प्रयोग गर्न छोड्छु भन्दा विश्वास नगर्नुहोस्, जसले निम्न परिणाम निम्त्याउँछः

क) सवारीसाधन : दुर्घटना हुने सम्भावना अधिक

ख) विवाहः सम्बन्धविच्छेद हुने सम्भावना अधिक

ग) वैदेशिक रोजगार वा व्यापारः आर्थिक क्षति हुने वा विदेशमा कानूनी कारवाहीमा पर्ने, व्यापारमा असफल ।

लागूपदार्थ दुर्व्यसनविरुद्ध काम गर्ने, परामर्शदाता वा संघ-संस्थाहरुसँग परामर्श लिने । लागूपदार्थ दुर्व्यसन रोग हो यसको उपचार सम्भव छ भन्ने विश्वास गर्ने लागूपदार्थ दुव्यर्सनलाई ढाकछोप गर्ने प्रयास नगर्ने झन ठूलो समस्या उत्पन्न हुन्छ । बेलैमा उपचार केन्द्रमा पुऱ्याउने, धामी, डाक्टर र औषधिले लागूपदार्थ दुर्व्यसनबाट मुक्त भइन्छ भन्ने कुरामा विश्वास गरेर समय खेर नफाल्ने लागूपदार्थ दुर्व्यसनलाई भेदभाव लान्छना गर्ने, पुनःस्थापना हुने आँट र हौसला दिने ।

'इज्जत र प्रतिष्ठाको कुरा गरेर लागूपदार्थ दुर्व्यसनको सिकार हुनबाट बचाऔं"

*rebirthgroupnepal@yahoo.com*

# अज्ञानताले लागूपदार्थ दुर्व्यसनको सिकार



राजु गिरी

**परिचय :**

आज विश्वमा नै लागूपदार्थ प्रयोगका कारणले गर्दा मानव जीवनमा नकारात्मक असर परेको छ। प्रयोगकर्ता र उसका परिवारको जीवन अस्तव्यस्त भइरहेको हुन्छ। समाजमा नकारात्मक असरहरु परिरहेको छ। लागूपदार्थ प्रयोगकर्ता दिनदिनै अकालमा मृत्युको सिकार भइरहेका छन्। ऊ जीवित भए पनि जिउँदो लास भएर बाँचिरहेको हुन्छ। लागूपदार्थ प्रयोग गर्नु भनेको तरबारको धारमाथि खालि खुट्टा हिँड्ने प्रयास गर्नु हो। उसको जीवनमा जतिखेर जे पनि हुन सक्छ। आज लाखौं प्रयोगकर्ताहरु एच. आई. भी. एड्स हेपटाइटिस जस्ता खतरनाक रोगको सिकार भइरहेको अवस्था छ।

यो समस्या नेपाल अनि झापाको बिर्तामोड नगरपालिकाभित्र पनि दिनदिनै बढ्दो अवस्थामा छ। विशेष गरेर युवा वर्गमा यो समस्या देखिएको छ। चेतनाको कमी लागूपदार्थको बारेमा ज्ञान नहुनु जस्ता आदि कारणले गर्दा भविष्य निर्माणको लागि वर्तमानको अमूल्य समय लागूपदार्थ प्रयोग गरेर जीवन अनि समय वर्वाद बनाइरहेको आजको युवापुस्ता जो लागूपदार्थ प्रयोग गरिरहेका छन्। उनीहरुलाई उपचार र लागूपदार्थ प्रयोग नगरेका युवालाई लागूपदार्थविरुद्ध जनचेतनाको अत्यन्त आवश्यक भएको छ।

अब यस कार्यमा समुदायका सबै सचेत नागरिक, संघ-संस्था, जिम्मेवारी व्यक्तिहरु नलागे लागूपदार्थले जालो सबैको घरमा फिँजाउने छ। लागूपदार्थले धनी, गरीब, शिक्षित, अशिक्षित, स्त्री, पुरुष केही पनि भन्दैन, जो पनि यसको सिकार बन्न सक्छ। लागूपदार्थ धेरै शक्तिशाली हुन्छ। एकचोटी प्रयोग गरिसकेपछि चुम्बकले फलाम ताने जसरी यसले पनि मानिसलाई तानिरहन्छ। लागूपदार्थको एक खुराक नै पर्याप्त हुन्छ। हजार खुराकको जरुरत छैन।

**लागूपदार्थ भनेको के हो ?**

मानिसको केन्द्रीय स्नायू प्रणालीमा, भाव पारेर चेतना, अनुभूति र मनोभावनामा असर ल्याई दिने औषधि वा पदार्थलाई लागूपदार्थ भनिन्छ। यस्तो पदार्थको सेवन गरेपछि मानिसको सम्झने, बुझ्ने र सोच्ने क्षमतामा भिन्नता आउँछ। लागूपदार्थ भन्नाले औषधिको रुपमा प्रयोग गरिने पदार्थहरु तथा अन्य प्रयोजनमा आउने, तर नशालु पदार्थहरु भन्ने बुझिन्छ जुन कुनै तरल, ग्यास वा ठोस पदार्थ हुन सक्छ।

**लागूपदार्थको प्रकार (उत्पादनको आधारमा) :**

१) प्राकृतिक लागूपदार्थ (गाँजा, भाँग, धतुरो, चरेस, अफिम आदि)

२) रसायनिक लागूपदार्थ : (खैरो हिरोइन, सेतो हिरोइन, डेनड्राइट), फर्माटिकल ड्रग्सः फेन्सीडोल, कोडेक्स, नाईट्रोजन टेन, भोलियम टेन, स्पास्मो प्रोसिभेन, टी. डी. जेसिक, डाइजीपाम, लुपिजेसिक, ट्रामाडोल, कोडोट्याब, स्पास, आदि)

**लागूपदार्थको दुर्व्यसन :**

लागूपदार्थको प्रयोग गर्दै जाँदा शारीरिक, मानसिक, र मनोवैज्ञानिक रुपले त्यही लागूपदार्थ मै निर्भर भएर लत लाग्ने अवस्थालाई लागूपदार्थ दुर्व्यसन भनिन्छ। यस्तो अवस्थामा लागूपदार्थ प्रयोग गर्न नपाएमा असजिलो हुने, छट्पटि बढ्ने जस्ता अनेकौं लक्षणहरु देखापरी शारीरिक र मानसिक सन्तुलन बिग्रन जान्छ र लागूपदार्थ सेवन गर्ने व्यक्तिले लागूपदार्थ प्राप्त गर्नको लागि जे-जस्ता काम गर्न पनि तयार हुन्छ। यो अवस्थालाई लागूपदार्थ दुर्व्यसनीको रोग भनिन्छ। र, यो संसारको रोगहरु मध्ये दोस्रो ठूलो खतरनाक रोग हो भनेर सन् १९५६ मा अमेरिकन मेडिकल साइन्स र विश्व स्वास्थ्य संगठनले सन् १९५८ मा पुष्टि गरी सकेको छ।

**लागूपदार्थको दुर्व्यसन रोगका चरित्रहरु :**

१) बढ्दै जाने, २) निको नहुने , ३) मृत्यु, जेल, पुनर्स्थापना केन्द्र

**परिणाम :**




**लागूपदार्थ दुर्व्यसनमा किन फसिन्छ ?**

साथीभाइको दबाव, अरु जस्तै बन्न खोज्नु (

*(बाँकी पृष्ठ ४ मा)*

# अब श्रीमती सुत्केरी हुँदा श्रीमान् सँगै रहनुपर्ने

**झापा, माघ ९।** शिशु कसरी जन्माउने प्राकृतिक (नर्मल) अथवा शल्यक्रिया (अप्रेशन) मार्फत। यी विधि गर्भवतीको रोजाइले भन्दा श्रीमान्, घरपरिवार र स्वास्थ्यकर्मीको निर्णयले नेपालमा प्राथमिकता पाइरहेको छ।

स्वास्थ्य संस्था अथवा घरमा सुत्केरी व्यथाले छट्पटाइरहेकी श्रीमतीको दुःखको साक्षी प्रायः श्रीमान् हुँदैनन्। उनीको साथमा आमा, सासु, दिदीबहिनी अन्य महिला नै हुने गर्दछन्। सुत्केरी हुने अवस्थामा श्रीमान् अनिवार्य हुनुपर्ने प्रावधान विकसित देशमा रहेको बताइन्छ। कतिपय देशमा श्रीमान्को अनुमतिबिना चिकित्सकले गर्भवती जाँच समेत गर्दैनन्। श्रीमान्लाई साथमा राखेर सेवा दिन्छन्।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित जुम्ला अस्पतालले गर्भवतीले आफूले चाहेको विधिमा सुत्केरी हुन पाउने र विशेषगरी सुत्केरी हुन लागेको अवस्थामा श्रीमान् अथवा घरपरिवार अनिवार्य साथमा रहनुपर्ने अभ्यासलाई प्रयोगमा ल्याउने तयारी थाल्दैछ। त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालले ती अभ्यासलाई पहिलोपटक व्यवहारमा ल्याएको थियो। प्रसूति तथा स्त्रीरोग सम्बन्धी केन्द्रीय अस्पताल परोपकार प्रसूतिगृह थापाथलीले सो अभ्यासलाई हालसम्म व्यवहारमा ल्याउन सकेको छैन। सुत्केरी हुन लागेको अवस्थामा रहेकी महिलाका साथमा स्वास्थ्यकर्मी मात्र रहन्छन्। पुरुषलाई निषेध छ। परिवारका आफन्तले सुत्केरीलाई मुस्किलले भेट्न पाउँछन्।

प्रतिष्ठानका नर्सिङ डीन सरस्वती गौतमले प्राकृतिकरूपमा सहज सुत्केरी गराउन जुम्ला अस्पतालले छुट्टै बर्थिङ सेन्टर सुत्केरी केन्द्र) स्थापना गर्न लागेको जानकारी दिइन्। 'चिकित्सकले जटिल भनेर सिफारिश गरेका बाहेक' अन्य गर्भवतीलाई प्राकृतिकरूपमा सुत्केरी गराउन मिडवाइफले सेवा दिने उनले जानकारी दिइन्। अस्पतालमा पछिल्लो समय शल्यक्रिया मार्फत सुत्केरी गराउन निरुत्साहित हुँदै आएको छ। 'नर्मल विधिबाट डेलिभरी हुन पाउनु महिलाको अधिकार हो, शल्यक्रिया त जटिल अवस्थामा दोस्रो विकल्प हो। पहिलो विकल्प हुँदाहुँदै दोस्रोको प्रयोगलाई न्यूनीकरण गर्ने हाम्रो ध्येय हो' -उनले भनिन्- 'सुत्केरी हुने अवस्थामा श्रीमान् अथवा घरपरिवार नजिक हुँदा आत्मबल उच्च हुन्छ। शिशु निकाल्न शक्ति उत्पन्न हुन्छ। यसैले सुत्केरी हुँदा



नजिक परिवारको अनिवार्य खोजी गरिएको हो।'

सुत्केरी गराउन, आमा र नवजात शिशुको स्याहार तथा परिवार नियोजनका सेवा प्रदान गर्न मिडवाइफलाई उत्कृष्ट मानिन्छ। पछिल्लो समय प्राकृतिकभन्दा शल्यक्रिया मार्फत सुत्केरी गराउने संख्यामा वृद्धि भइराखेको जनाइएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नवजात शिशु, शिशु, पाँच वर्षमुनिका बाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन मिडवाइफ जनशक्ति उत्पादनलाई उच्च प्राथमिकतामा राखेको छ।

हाल चिकित्सा विज्ञान प्रतिष्ठान (न्याम्स)बाट पहिलो समूहमा नौ मिडवाइफ जनशक्ति उत्पादन भएका छन्। काठमाडौं विश्वविद्यालयले सो विषयमा अध्यापन शुरुवात गराएको छ। यहाँस्थित संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए)ले ती दुई निकायलाई प्राविधिक सहयोग गरेको जनाइएको छ। अगामी वर्षदेखि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान पाटन र वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले ती विषयमा अध्यापन गराउने तयारी गर्दैछन्।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले जुम्ला अस्पताल, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई आवश्यक पर्ने मिडवाइफ जनशक्ति उत्पादन गर्न गत वर्षदेखि मिडवाइफमा तीन वर्षे स्नातक कार्यक्रम सञ्चालन ल्याएको थियो। हाल गत वर्षका छ र यस वर्षका १० जनाले सो विषय अध्ययन गरिराखेका छन्। 'ज्ञान, सीप र व्यवहार तीनै पक्षबाट विद्यार्थीलाई उत्कृष्ट बनाउन प्रतिष्ठानले उच्च ध्यान दिएको छ। हाम्रा जनशक्ति विश्व बजारमा प्रतिष्पर्धा गर्न सक्ने हुन्छन्। पाठ्यक्रम स्थानीय होइन, अन्तर्राष्ट्रियस्तरको हो' -प्रतिष्ठानकी नर्सिङ डीन भट्टराईले भनिन्।

सो विषयमा स्नातक तह अध्ययन गरिराखेका विद्यार्थीको ज्ञान, सीप र व्यवहार मापन गर्न प्रतिष्ठानले 'दक्षता मापन विधि' को मस्यौदा तयार पारेको छ। विशेषज्ञ बैठकले नेपाल नर्सिङ काउन्सिलले कार्यान्वयनमा ल्याएको मिडवाइफ पाठ्यक्रम निर्देशिका र मिडवाइफको अन्तर्राष्ट्रिय महासंघले निर्धारण गरेका तीन सय १८ बुँदाका आधारमा विधि तयार पारेको प्रतिष्ठानका नर्सिङ प्रमुख निर्मलाकुमारी पहाडीले जानकारी दिइन्। अब सैद्धान्तिक ज्ञानबाट प्राप्त अङ्क र मापन विधिका आधारमा विद्यार्थीको मूल्याङ्कन हुने छ।

बिरामीसँगको भेटमा शिर निहुऱ्याएर नमस्कार गर्नुपर्ने, हँसिलो अनुहारमा मुस्कुराउँदै प्रस्तुत हुनुपर्ने, आफ्नो परिचय दिनुपर्ने, शिष्ट र मर्यादित भाषामा बोल्नुपर्ने, बिरामीको गोपनियतालाई विशेष ध्यान दिनुपर्ने, सुत्केरी गराउँदाका चिकित्सकीय हरेक चरणलाई अनुशरण गर्नुपर्ने लगायतका ज्ञान, सीप र व्यवहारलाई समावेश गर्ने बुँदा मापनमा समावेश गरिएका छन्। जुम्ला अस्पतालमा गत वर्ष करिब सात सय जना सुत्केरी भएका थिए। ती मध्ये न्यून मात्रमा शल्यक्रिया भएको प्रतिष्ठानका प्रशासकीय अधिकृत अमृत भण्डारीले जानकारी दिए। एक जना आमा तथा जवजात शिशुले अकालमा मृत्युवरण गर्नुपरेको थिएन।

मिडवाइफ अध्ययनत एक विद्यार्थीले कम्तीमा एक सयभन्दा बढी गर्भवतीको जाँच, ५० को प्राकृतिक (नर्मल) सुत्केरी, सुत्केरी गराउँदा सकेसम्म चिकित्सकीय उपकरण प्रयोग गर्न नहुने, दशको जटिल शल्यक्रिया, कम्तीमा ५० गर्भवतीको पाठेघरको मुखको जाँच अनिवार्य गर्नुपर्ने प्रावधानलाई प्रतिष्ठानले लागू गरेको छ। नर्सिङ काउन्सिलको मिडवाइफ पाठ्यक्रमको निर्देशिकामा सोही प्रावधान रहेको अध्यक्ष गोमा निरौलाले जानकारी दिइन्। आमा र बच्चाको सुरक्षा गर्न मिडवाइफ जनशक्ति अति आवश्यक मानिन्छ। उनले भनिन्- 'गर्भवती आमा, सुत्केरी गराउन तथा नवजात शिशुका लागि नर्सिङ केयरभन्दा मिडवाइफ केयर महत्वपूर्ण हुन्छन्। मिडवाइफले सकेसम्म नर्मल डेलिभरीमा जोड दिन्छन्। परिवार योजनामा दक्षता बढी हुन्छ।'

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान नर्सिङ विभागका प्रमुख सरला केसी नवजात शिशु मृत्यु, बाल मृत्यु तथा मातृ मृत्युदर घटाउने विभिन्न विधिमध्ये दक्ष सुत्केरी सेवा रहेको र मिडवाइफले प्रदान गर्ने सेवा विशिष्टकृत हुने बताइन्। उनले भनिन्- 'जुम्लामा स्नातक तहको मिडवाइफ अध्ययनले प्रजनन स्वास्थ्यमा सुधार ल्याउने छ। प्रतिष्ठानले तयार गरेको मापदण्डलाई पाटनले अगामी दिनमा अनुशरण गर्ने छ।'

प्राकृतिकरूपमा हुने सुत्केरीले आमा र नवजात शिशुको स्वास्थ्यलाई फाइदा हुन्छ। दक्ष स्वास्थ्यकर्मीको अभावमा कर्णालीका आमाले अकालमा मृत्युवरण गर्न नपरोस् भनेर जनशक्ति उत्पादन गर्न प्रतिष्ठानले मिडवाइफको अध्ययन अध्यापन शुरुवात गरेको प्रतिष्ठानका उपकुलपति प्रा. डा. राजेन्द्रराज बाग्ले बताए। उनले भने- 'एमबीबीएस र एमडीजिपी तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्न प्रतिष्ठानले शैक्षिक जनशक्ति, पूर्वाधार र उपकरणका तयारी पूरा गरेको छ। सरकारको अनुमतिको पर्खाइमा छौं।'

# घर-घरमा विद्युत् मिटर

**चुलाचुली, माघ ९।** इलामको चुलाचुली गाउँपालिकामा घरदैलो मिटर वितरण शिविर सञ्चालन गरेर स्थानीयबासीलाई विद्युत् मिटर वितरण गरिएको छ।

स्थानीयको मागका आधारमा नेपाल विद्युत् प्राधिरकरण इलाम वितरण केन्द्र गाउँपालिकाको वडा नं. १ मा शिविर सञ्चालन गरेर मिटर वितरण गरिएको हो। प्रदेश सांसद धिरेन्द्र शर्मा रमणको विशेष पहलमा चुलाचुली गाँउपालिका-१ का एक सय ८० घरपरिवारलाई मिटर वितरण गरिएको थियो।

वडा नं. १ र नेपाल विद्युत् प्राधिकरणको समन्वयमा जिल्लामा पहिलो पटक घरदैलो विद्युत् मिटर वितरण गरिएको जनाइएको छ। वितरण केन्द्रका प्रमुख पंकज गोइतका अनुसार सदरमुकामबाट टाढा रहेका उपभोक्ताहरुको सहजताको लागि शिविर सञ्चालन गरिएको हो। चुलाचुली गाउँपालिका अध्यक्ष प्रदिपचन्द्र राई, वडाध्यक्ष पूर्ण लावती र नेपाल विद्युत् प्राधिकरण इलाम वितरण केन्द्रका प्रमुख पंकज गोइत लगायतले स्थानीयबासीलाई विद्युत् मिटर वितरण गरेका थिए।


## वर्गीकृत विज्ञापन

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट् फोट झट् सेवा'



सम्पर्कः ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**कर्मचारी आवश्यकता**

Montusori Teacher : 2 जना (महिला)
Manager : 1 जना *(अफिसको लागि, बाइक र लाइसेन्स भएको हुनुपर्नेछ।)*
कुक : ४ जना
वेटर : ५ जना
किचन हेल्पर: २ जना
रिसेप्सनिष्ट: १ जना (इलामको लागि कम्प्युटरमा दक्ष)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**शिक्षक आवश्यकता**

क्रिएसन मन्टेश्वरी बुट्टाबारी
१) शिक्षक १ जना
२) मिस्टर १ जना
तलब : आपसी समझदारीमा
सम्पर्कः ०२३-४२११४८ ९८४२६७२०२०, ९८१४०५८८५९

*नोटः शनिबार स्कूल खुल्ला रहने छ साथै डान्स, म्युजिक, एंकरिङ, खेलकुद र अतिरिक्त क्रियाकलाप गराइनेछ।*

**गिटी बालुवा चाहिएमा**

झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला।

**सयपत्री**
९८४२६५४४००, ९८०४९५४४००

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।*

**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**चलिरहेको Corultavey बिक्रीमा**

Sanischare Road
Near Everest Bank
Contact : 9852641165
9803441165

*नोटः फाइनान्स, सहकारी, मेनपावर, इन्स्टिच्युटका लागि उपयुक्त।*

**जग्गा बिक्रीमा**

अटोल्याण्ड बुट्टाबारीमा हाइवेबाट १०० मिटरभित्र प्लानिङ्ग गर्न मिल्ने वा ग्यारेज सञ्चालन गर्न मिल्ने ६ कठ्ठा अत्यन्त सस्तो जग्गा बिक्रीमा छ।
मो. ९८१८१७१९१२

**जग्गा बिक्रीमा**

बिर्तामोड बस पार्कबाट १½ किलोमिटर २½ मा १ कठ्ठा नर बढी भएको अत्यन्त सस्तो मूल्यमा जग्गा बिक्रीमा छ।
मो. ९८१८१७१९१२

**पसल बिक्रीमा**

बिर्तामोड कृषिथोक रोडमा रहेको चालू अवस्थाको फेन्सी पसल तु-बिक्रीमा छ।
*नोटः खाली सटर मात्र पनि दिइनेछ।*
मो. ९८१०१३९६७५

**कर्मचारी आवश्यकता**

रुम ब्वाई : १ जना,
डीस वासरः १ जना
तलबः आपसी समझदारीमा


**सयपत्री होटल एण्ड लज**
मुक्तिचोक, बिर्तामोड
सम्पर्कः 023-542150, 9824948969

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित**
**झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

| (हल ए) हिन्दी सिनेमा | (हल बी) हिन्दी र नेपाली सिनेमा |
| --- | --- |
| पहिलो शो ११:४५ Panga | पहिलो शो ११:४५ Street-dancer-3 3D |
| दोस्रो शो २:४५ Street-dancer-3 3D | दोस्रो शो २:४५ Commantdr |
| तेस्रो शो ६:३० Panga | तेस्रो शो ६:३० Street-dancer-3 3D |



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**काठमाडौंका डाक्टरद्वारा निःशुल्क स्वास्थ्य परीक्षण**

यही **माघ १२ गते आइतबार**का दिन बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा काठमाडौंका विशेष अनुभवी डाक्टर राजकुमार शाह र फिजियोथेरापिस्ट डाक्टर भगवान शाहद्वारा निःशुल्क स्वास्थ्य परीक्षण गरिने भएकोले समयमै नाम टिपाइ स्वास्थ्य लाभ लिनुहोस।



**उपचार हुने समस्याहरु :** पाइल्स, फिसर, फिस्टुला, मासु पलाएक

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल पाइनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौति पन्छाएर पनि नयाँ काममा जग बसाउने मौका छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सहयोगीहरूले हिम्मत दिलाउनेछन्। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। सुखद् समाचारले उत्साह जगाउनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लक्ष्य अनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। काममा विशेष अवसर प्राप्त हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ। दाजुभाइले साथ दिने योग देखिन्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यवसायमा लगानी बढाउनुपरे पनि कर्जामार्फत धन जुटाउन सकिनेछ। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। आफ्नो मेहनतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्।



**झापाको मेचीनगर–१३ चारआलीमा सुपारीको बोक्रा निकाल्दै महिला । प्रति केजी १० रुपैयाँमा महिलाहरुले सुपारीको बोक्रा छुट्याएर मनग्य आम्दानी गर्ने गरेका छन् ।** ***तस्वीर : रासस***

# चारपानेमा आँखा र कानको शिविर

**चारपाने, माघ ९।** शान्तिदीप महिला कृषि सहकारी संस्था बिर्तामोड-२ चारपानेको आयोजनामा एकदिने नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

संस्थाकी अध्यक्ष हिरा कार्कीको अध्यक्षतामा आयोजना भएको शिविरको उद्घाटन प्रमुख अतिथि बिर्तामोड नगरपालिका वडा नं. २ का अध्यक्ष नगेन्द्र संग्रौलाले गरेका थिए ।

महिलाहरुलाई सहकारीको माध्ययमबाट आर्थिक, सामाजिक रुपमा सबल बन्न प्रेरणा मिलोस् र समाजमा भएका विपन्न वर्गका व्यक्तिले स्वास्थ्य लाभ लिन सकुन् भनेर आँखा तथा कान स्वास्थ्य शिविर आयोजना गरिएको संस्थाकी अध्यक्ष कार्कीले बताइन् ।

दृष्टि आँखा अस्पतालको प्राविधिक सहयोगमा भएको शिविरमा दृष्टि आँखा अस्पतालका दृष्टि बिशेषज्ञ डा. अजितकुमार ठाकुर, कान रोग बिशेषज्ञ डा.श्यामसुन्दर यादव, नेत्र अधिकृत किशोर रिजाल, प्राविधिकहरु सुस्मिता राई र रेखा चौलागाई लगायतले बिरामीलाई सेवा दिएका थिए ।



कार्यक्रममा नेपाल फोटोपत्रकार महासंघ झापाका अध्यक्ष बिनोद पाण्डे, वडा सदस्य उपेन्द्र पराजुली लगायतले शिविर सफलताको कामना गरेका थिए ।

शान्तिदीप महिला कृषि सहकारी संस्थाकी सचिव शान्ता कडरियाले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा उपाध्यक्ष लक्ष्मी भट्टराईले स्वागत गरेकी थिइन् । कार्यक्रमको सञ्चालन सहसचिव कृष्णकुमारी रिजालले गरेकी थिइन् ।

# आफ्नै जातिको उत्थान र पहिचान स्थापित गर्न जुटे दनुवार युवा



**अर्जुनधारा, माघ ९।** अल्पसंख्यक जातिको सूचीमा रहेको दनुवार जातिको पहिलो संस्थाकोरुपमा दनुवार जागरण उत्थान युवा मञ्च झापाको अर्जुनधारामा गठन भएको छ ।

अर्जुनधारा-४ र ७ का २८ जना युवा संगठित भई दनुवार जातिको उत्थानसँगै उनीहरुको पहिचान स्थापित गर्ने उद्देश्यले मञ्च गठन भएको पत्रकार सम्मेलन गरी जानकारी दिइयो ।

दुई वर्षअघिको प्रयासपछि खेलकुद, शैक्षिक र श्रम क्षेत्रका युवाको सहभागितामा गत भदौ १० उक्त मञ्चलाई विधिवतरुपमा दर्ता गर्न समिति सफल भएको अध्यक्ष दीपेन्द्र दनुवारले बताए । 'धर्म, भाषा, संस्कार र संस्कृति हराए जातिको पहिचान हराउने हुँदा त्यसको संरक्षण गर्ने हाम्रो लक्ष्य हो' -उनले भने ।

नौ सदस्यीय मञ्चको उपाध्यक्षमा विष्णुकमारी दनुवार, सचिवमा उमेश दनुवार, सहसचिवमा अस्मिता दनुवार, कोषाध्यक्षमा सुनिता दनुवार र सदस्यहरुमा निकिता दनुवार, मनोज दनुवार, सुनिल दनुवार 'ए' र सुनिल दनुवार 'बी' रहेका छन् ।

मञ्चको आगामी योजनाहरुमा नगरपालिकासँगै जिल्लामा रहेको दनुवार जातिको सूची तयार गर्ने, जातिय झल्को दिने संग्रहालयसहित मौलिक शैलीको सभाहल निर्माण गर्ने, गहना र भेषभूषा खोजी गर्ने, मौलिक पर्व जितियाको निरन्तरताको लागि अन्तरक्रिया गर्ने, आर्थिक जीवनस्तर उकास्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, युवाहरुको नेतृत्व तथा व्यक्तित्व विकास गर्ने, समृद्ध नगरपालिका निर्माण गर्न सबै वडामा मञ्चको भूमिका विस्तार गर्नेलगायत रहेको छ । हाल वडा नम्बर ४ मा दनुवार जातिको ८४ घरपरिवार रहेको कार्यक्रममा जानकारी दिइयो छ ।

मञ्चका अध्यक्ष दीपेन्द्र दनुवारको अध्यक्षता तथा प्रमुख अतिथि अर्जुनधारा-४ वडा समितिका सदस्य मोहनप्रसाद खतिवडाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ झापाका पूर्व सदस्य रविलाल दनुवार, अध्यक्ष दिपेन्द्र दनुवार लगायतले पत्रकारहरुको जिज्ञासाको जवाफ दिएका थिए । मञ्चका सदस्य सुनिल दनुवार 'बी'ले कार्यक्रमको औचित्यसहित स्वागत गरेको कार्यक्रमको सञ्चालन सहसचिव अस्मिता दनुवारले गरेकी थिइन् ।

# भुइँस्याउले बजार पाएन



**इलाम, माघ ९।** इलाममा उत्पादन भइरहेको भुइँस्याउ (ग्राउण्ड एपल)ले बजार नपाएपछि किसानहरु चिन्तित बनेका छन् ।

पोषणयुक्त फलको रुपमा चिनिने भुइँस्याउ बिक्री हुन छाडेपछि किसानले वस्तुभाउलाई खोले पकाएर खुवाउन थालेका छन् । देउमाई नगरपालिका- २ का किसान मदन मुखियाले वितगका वर्षमा प्रशस्तै बिक्री भएको तर यो वर्ष भुइँस्याउले कम बजार पाएको बताए ।

भुइँस्याउलाई सिधैं काटेर सल्लादको रुपमा खान सकिने भए पनि यसको उपयोग होटल व्यवसायमा पनि खासै हुन नसकेको किसान बताउँछन् ।

भुइँस्याउलाई जुस, वाइन बनाउने कच्चापदार्थको रुपमा लिने गरिन्छ । इलाम जिल्लाको उत्तरी क्षेत्रमा भुइँस्याउको बढी उत्पादन हुने गरे पनि भने जस्तो बिक्री नभएपछि किसानहरुलाई समस्या भएको हो ।

# हिउँमाझी, सुवेदी र पालुङ्वालाई पुरस्कार

**बिर्तामोड, माघ ९।** साहित्य र पत्रकारिता क्षेत्रको उन्नयनका लागि काम गर्दै आएको जयेन्द्रप्रसाद प्रसाई साहित्य सेवाकोषले यो वर्ष पुरस्कृत गर्ने प्रतिभाको छनौट गरेको छ ।

कोषका अध्यक्ष गोपीकृष्ण प्रसाईको अध्यक्षतामा बिर्तामोडमा बसेको कोषको कार्यसमितिको बैठकले पुरस्कारका लागि छनौट समितिले सिफारिस गरेको कृति, व्यक्ति तथा पत्रकार प्रतिभालाई सर्वसम्मत रुपमा अनुमोदन गरेको हो ।

कोषले २०७५ को वर्षोत्कृष्ट कृतिका रुपमा वियस राईद्वारा लिखित कथा संग्रह हिउँमाझीलाई उत्कृष्ट कृतिका रुपमा पुरस्कृत गर्ने भएको छ भने विष्णुचन्द्र पञ्चा दीर्घ साहित्य सम्मान मोरङका दधिराज सुवेदीलाई सम्मान प्रदान गर्ने भएको हो ।

त्यस्तै धनमाया सक्रिय महिला वर्षोत्कृष्ट महिला पत्रकारका रुपमा ताप्लेजुङकी माला पालुङ्वालाई छनौट गरेको छ ।

कृति र दीर्घ साहित्य सम्मान छनौटका लागि कृष्ण धरावासीको संयोजकत्वको समितिले प्रतिभा छनौट गरेको हो भने पत्रकारिता प्रतिभा छनौटका लागि लोकराज ढकालको संयोजकत्वमा गठित समितिले पुरस्कारका लागि प्रतिभा सिफारिस गरी कार्यसमितिमा पेश गरेको थियो ।

संस्थाले यही माघ २५ गते शनिवारका दिन कोषको बिर्तामोडस्थित कार्यालयमा एक कार्यक्रमको आयोजना गरी पुरस्कार प्रदान गर्ने निर्णय गरेको कोषका महासचिव छविलाल खतिवडाले जानकारी दिए ।

२०५९ सालमा स्थापित जयेन्द्रप्रसाद प्रसाई साहित्यसेवा कोषले हरेक वर्ष एक कृति, एकजना दीर्घ साहित्यसेवी र एक महिला पत्रकारलाई पुरस्कृत तथा सम्मान गरिँदै आएको छ ।


**सटर बुकिङ खुल्ला**

**भद्रपुर मेची पुल भन्सार कार्यालयसँगै व्यवसायिक प्रयोजनका लागि निर्माण हुन गइरहेको १०X१२ देखि ११X२५ सम्मका सटरहरुको बुकिङ खुल्ला गरिएको छ । बुकिङ गर्न चाहनु हुने महानुभावले तु–सम्पर्क गर्नुहोला ।**

**सम्पर्क: सोनी कम्प्लेक्स (खान मोटरसाइकल सेन्टर)**
**९८१७९०१५८६, ९८०४९५८०९५, ९८०७९५१२३४**


# सबै स्थानीय तहमा बैंकका शाखा

**झापा, माघ ९।** सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुऱ्याउने सरकारको योजना पूरा हुने क्रममा पुगेको छ ।

आम नागरिकमा सहजरूपमा वित्तीय सेवा पुऱ्याउने उद्देश्यले सरकारले शुरु गरेको अभियान लक्ष्यको नजिक पुगेको नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको वित्तीय विवरणमा उल्लेख छ । स्थानीय तहमा नै बैंक तथा वित्तीय संस्थाको शाखा खुलेपछि लामो समय लगाएर सदरमुकाम धाउनुपर्ने अवस्थाको अन्त्य समेत भएको छ ।

केन्द्रीय बैंकका अनुसार कूल सात सय ५३ स्थानीय तहमध्ये अब १० स्थानीय तहमा मात्रै वाणिज्य बैंकका शाखा खुल्न बाँकी छ । बाँकी रहेका स्थानीय तहमा पनि वाणिज्य बैंक शाखा खोल्न तयार भए पनि सुरक्षा, सूचना प्रविधिको पहुँच तथा उपयुक्त घरको अभावमा जटिलता देखिएको छ । बैंकले हालै सार्वजनिक गरेको चालू आर्थिक वर्षको पाँच महिनाको विवरण अनुसार कूल सात सय ५३ मध्ये सात सय ४३ स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुलेका छन् ।

बैंकका अनुसार प्रदेश नं. १ का कूल एक सय ३७ स्थानीय तहमध्ये अब एक स्थानीय तहमा मात्रै वाणिज्य बैंकले शाखा खोल्न बाँकी रहेको छ । यस्तै प्रदेश नं. २ का कूल एक सय ३६ स्थानीय तहमध्ये एक सय ३५ स्थानीय तहमा बैंक पुगेका छन् । त्यस्तै संघीय राजधानी समेत रहेको वाग्मती प्रदेशमा कूल एक सय १९ स्थानीय तहमध्ये एक सय १७ स्थानमा बैंकका शाखा पुगेका छन् ।

केन्द्रीय बैंकका अनुसार गण्डकी प्रदेशका कूल ८५ स्थानीय तहमध्ये ८४ मा बैंकका शाखा खुलेका छन् । प्रदेश नं. ५ का सबै स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुलेका छन् । वित्तीयरूपमा सो प्रदेशका सबै स्थानीय तहमा शाखा खुलेर पहुँच स्थापित भएको छ । कर्णाली प्रदेशका कूल ७९ स्थानीय तहमध्ये ७८ स्थानीय तहमा बैंकका शाखा खुलेका छन् । सुदूरपश्चिम प्रदेशका कूल ८८ स्थानीय तहमध्ये ८४ मा वाणिज्य बैंकका शाखा खुलेका छन् ।

स्थानीय तहमा बैंकको शाखा पुऱ्याउने सरकारको लक्ष्यलाई आत्मसात् गर्दै आफूहरुले पनि दुर्गम क्षेत्रमा शाखा खोलेको प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले जानकारी दिए । प्रभु बैंकले डोल्पाको शे-फोक्सुण्डो गाउँपालिकाको साल्दाङमा समेत बैंकको शाखाको विस्तार गरेको छ । समुद्री सतहदेखि करिब चार हजार दुई सय मिटरको उचाइमा रहेको साल्दाङस्थित शे-फोक्सुण्डो शाखा कार्यालयबाट उच्च हिमाली क्षेत्रका सर्वसाधारणलाई बैंकले सेवा दिने लक्ष्य राखेको छ ।

त्यस्तै सनराइज बैंक, एनएमबी बैंकले पनि राष्ट्र बैंकले तोकेको स्थानमा आफ्ना शाखा खोली वित्तीय सेवा दिएका छन् । एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसीले पनि राष्ट्र बैंकले दिएको निर्देशन अनुसार नै आफूहरुले स्थानीय तहमा शाखा विस्तार गरेको बताए । राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाको संख्या गत मंसीर मसान्तसम्म कूल एक सय ६५ रहेको छ ।

त्यसमा २७ वाणिज्य बैंक, २४ विकास बैंक, २२ वित्त कम्पनी, ९१ लघुवित्त संस्था र एक पूर्वाधार विकास बैंक छन् । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या नौ हजार दुई सय ९७ पुगेको छ । गत असार मसान्तमा त्यस्ता शाखा संख्या कूल आठ हजार छ सय ८६ रहेको थियो ।

केन्द्रीय बैंकका अनुसार बैंक तथा वित्तीय संस्था गाभ्ने तथा गाभिने एवं प्राप्ति हुने प्रक्रिया शुरु भएपश्चात् गत मंसीर मसान्तसम्म कूल एक सय ८१ बैंक तथा वित्तीय संस्था एकआपसमा गाभिएका छन् । त्यसमध्ये १३८ संस्थाको इजाजतपत्र समेत खारेज भएका छन् ।

# १८ गाईगोरु नियन्त्रणमा



**भद्रपुर, माघ ९।** भद्रपुरको दुई भिन्न स्थानबाट प्रहरीले १८ गाईगोरु नियन्त्रणमा लिएको छ । नेपालबाट अवैधरुपमा लैजान लागिएको ती गाईगोरु प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले अवैधरुपमा नेपालबाट भारततर्फ लैजाँदै गरेको तीन वटा गोरु र पाँच वटा गाई भद्रपुर-४ स्थित रङ्गेडाँडाबाट नियन्त्रणमा लिएको हो ।

त्यस्तै, प्रहरीले भद्रपुर-३ स्थित ७ नम्बर पिलरबाट अवैधरुपमा भारततर्फ लाँदै गरेको गोरु नियन्त्रणमा लिएको छ । प्रहरीचौकी किच्चकबधबाट गएको प्रहरीको टोलीले नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा आठ गोरु नियन्त्रणमा लिएको हो ।


**राहदानी हरायो**

**खुदुनाबारीबाट शनिश्चरे जाने क्रममा यही मिति २०७६।०९।०३ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।**

**नाम**:- चुडामणि खनाल
**ठेगाना**:- खुदुनाबारी–९, झापा
**हाल**: अर्जुनधारा–३, झापा
**राहदानी नं.**:- ०६२६५४९५


# छोराले गरे आमालाई खुकुरी प्रहार

**सुनसरी, माघ ९।** सुनसरी इटहरी-२ हवाइचोक बस्ने १८ बर्षीय पारस कार्कीले आफ्नै आमा माथी खुकुरी प्रहार गरेका छन् ।

घरमा बसिरहेको अवस्थामा ३६ बर्षीया कबिता कार्कीलाई पारसले खुकुरीले शरीरको बिभिन्न भागमा प्रहार गरी घाइते बनाएको र उनको नोबेल अस्पताल बिराटनगरमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

आमामाथि खुकुरी प्रहार गर्ने पारस कार्कीलाई खुकुरीसहित पक्राउ गरी थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।


**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

**सँधियार नाममा जारी गरिएको सात दिने सूचना**

अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने श्री मन्जु मियाले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ श्री श्री मन्जु मिया
२) पश्चिमतर्फ श्री गीतादेवी खत्री
३) उत्तर तर्फ श्री लक्ष्मी पाण्डे
४) दक्षिणतर्फ बाटो

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
| --- | --- | --- | --- | --- | --- |
| अर्जुनधारा–६ | २९१७ | ०–१–० | २०७६।०९।०६ | २०७६।१०।०६ | २०७६।१०।०७ |

**'गुणस्तरीय सामान गणपतिको पहिचान'**

ब्राण्डेड कम्पनीको **स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका**, AEP Design, **ग्लेजिङ्ग (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ्ग, मोडुलर किचन** र सिटिङ्गहल डेकोरेसन साथै **ट्रस**को काम पनि गरिन्छ ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
**प्रो.** गोपाल सिटौला
**९८५२६७१४२२, ९८१६००६३७३**

**सम्पर्क**
**सुरुङ्गा, भगवानचोक**
**बिर्तामोड र गरामनी झापा**
**९८२४९७३५३६ – पदम**
**९८१४०५२६०१ – राम**

**सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
बिर्तामोड, झापा
सम्पर्क **राजकुमार श्रेष्ठ**
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

**अन्तिम लेखा परीक्षण सम्बन्धी सूचना**

*आदरणीय बिर्तामोड नगरबासी महानुभावहरु :*

नेपालको संविधान, स्थानीय सञ्चालन ऐन २०७४ को दफा ५७ को व्यवस्था बमोजिम नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले आफ्नो नाममा रहेको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना तथा जग्गा वा पोखरी पुरै वा आंशिक तवरले संस्था वा व्यक्तिलाई वहालमा लगाई आम्दानी गरेमा सो आम्दानी रकमबाट विर्तामोड नगरपालिकाको आर्थिक ऐनले तोकेको दरमा लाग्ने कर नगरपालिकामा बुझाउनुपर्ने कानूनी व्यवस्था रहेको हुँदा वहालमा दिने घरधनी महानुभावले समयमै वहाल कर बुझाई असल करदाताको परिचय दिनुहुन अनुरोध छ । साथै घर वहाल कर तिर्न आउँदा घरधनीले सम्झौता पत्रमा उल्लेखित वहाल रकम वा सो घोषित मूल्यांकन गरि वहाल कर बुझाउनु पर्नेछ ।

विगतमा वहाल कर आन्तरिक राजस्व कार्यालयबाट लिइँदै आएकोमा २०७५ चैत्रबाट स्थानीय तहमा हस्तान्तरण भएकाले उक्त कार्यालयमा वहाल कर नलिइने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

## दुर्घटना न्यूनीकरण गर्न ट्याक्टरमा रिफ्लेक्टर टाँस



**गौरीगञ्ज, माघ ९।** ट्राफिक प्रहरी पोष्ट गौरीगञ्जले दुर्घटना न्यूनीकरणका लागि रिफ्लेक्टर (रातको समयमा र हुस्सु लागेको समयमा टल्कने) मालवाहक ट्याक्टरहरूमा टाँस गरेको छ ।

पाडाजुंगी गौरीगञ्ज सडकखण्डमा चल्ने प्रत्येक ट्याक्टरमा त्यस प्रकारको रिफ्लेक्टर टाँस गरेको ट्राफिक प्रहरी पोष्ट गौरीगञ्जका इञ्चार्ज भोजराज चम्लागाईले बताए । उनका अनुसार पाडाजुंगी गौरीगञ्ज सडकखण्डमा चल्ने २० वटा ट्याक्टरहरूमा रिफ्लेक्टर टाँस गरिएको छ ।

यसअघि दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीको डमी राखिएको थियो । ट्राफिक सचेतना कार्यक्रमको आयोजना र डमी ट्राफिक प्रहरी राखेका कारण आर्थिक वर्ष २०७६/०७७ मा दुर्घटनामा कमी आएको ट्राफिक इञ्चार्ज चम्लागाईले बताए ।

## कोशी पर्यटन महोत्सवको तयारी

**झापा, माघ ९।** प्रदेश नं. १ सरकारले पाँच लाख पर्यटक भित्र्याउन लिएको लक्ष्य पूरा गर्न कोशी पर्यटन महोत्सवको तयारी गरिएको छ ।

सुनसरीको कोशी गाउँपालिकाले कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालय नजिक कोशी पर्यटन महोत्सव आयोजना गर्न लागेको हो । भ्रमण वर्ष २०२० मा लिएको पर्यटक भित्र्याउने लक्ष्य पूरा गर्न कोशी पर्यटन महोत्सव आयोजना गर्न लागिएको गाउँपालिकाका अध्यक्ष अयुव अन्सारीले बताए ।

गाउँपालिकाले आयोजना गर्ने पर्यटन महोत्सवको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । गाउँपालिकाले पर्यटन प्रवर्द्धन मार्फत स्थानीयको जीवनस्तर उकास्ने उद्देश्यले नौ दिने कोशी पर्यटन महोत्सव आयोजना गर्न लागिएको अध्यक्ष अन्सारीले बताए ।

आगामी माघ १९ देखि २७ गतेसम्म कोशी टप्पु वन्यजन्तु आरक्ष प्रवेशद्वारका रुपमा रहेको पश्चिम कुशाहामा आन्तरिकसँगै छिमेकी भारतका पर्यटकलाई समेत आकर्षित गर्ने योजनासहित महोत्सव आयोजना गर्न लागिएको उनले बताए ।

प्रदेश नं. १ कै प्रमुख पर्यटकीय गन्तव्यका रुपमा रहेको सप्तकोशी नदी, कोशी टप्पु वन्यजन्तु आरक्ष र ठूला-ठूला सिमसारमा पाइने विभिन्न प्रजातिका पंन्छी, जलचर, अर्नासहितका वन्यजन्तु, कोशीको जलयात्रा जस्ता धेरै सम्भावनाले यो क्षेत्रका जनताको जीवनस्तर उकास्न सकिने भएकाले त्यसका लागि आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न महोत्सवले थप मद्दत पुऱ्याउने गाउँपालिकाका अध्यक्ष अन्सारीले बताए ।

महोत्सवसँगै यसक्षेत्रका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार गर्दै आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गरेर यो क्षेत्रका जनताको स्थानीय उत्पादनको बजार प्रवर्द्धन, होटलसहितका क्षेत्रमा लगानीको सम्भावनालाई व्यवहारमा उतार्ने लक्ष्य रहेको उनले जानकारी दिए ।

## 'कोरोना भाइरसको कारण चाइनिज कोब्रा'



**झापा, माघ ९।** महामारीको रुप लिएको उहान कोरोना भाइरसको मुख्य कारण सर्प (चाइनिज कोब्रा) रहेको हुन सक्ने एक अध्ययनले उल्लेख गरेको छ ।

चाइनिज क्रेइट र चाइनिज कोब्रा जातका सर्पबाट यो रोगको संक्रमण शुरू भएको हालै गरिएको एक अध्ययनले देखाएको हो । श्वासप्रश्वासमा समस्या सिर्जना गर्ने कोरोना भाइरसका कारण चीनमा मात्र नौ जनाको मृत्यु भइसकेको समाचार एजेन्सीहरूले उल्लेख गरेका छन् । भाइरोलोजिस्ट (भाइरलको उपचार गर्ने चिकित्सक तथा वैज्ञानिक) र जर्नल इडिटरको समूहले यो तथ्य बाहिर ल्याएको हो । 'हामीले कोरोनाका बारेमा नजिकबाट अध्ययन गरिरहेका छौं । यो भाइरसबारे धेरै प्रश्न अनुत्तरित नै छन्' सो अध्ययनमा भनिएको छ । संक्रमित बिरामीबाट संकलन गरिएका स्याम्पलको अध्ययनबाट चीनका वैज्ञानिकहरू यो निष्कर्षमा पुगेको बताइएको छ ।

कोरोना भाइरस पनि सार्स र मर्स फैलाउने भाइरस समूहकै भएको समेत सो अध्ययनले उल्लेख गरेको छ । विगत १७ बर्षअघि सार्स र मर्सले सयौं मानिसको ज्यान लिएको थियो । सन् २०१९ मा मात्र विश्व स्वास्थ्य संगठनले कोरोना भाइरस पत्ता लागेको उल्लेख गरेको छ । चीनमा कोरोना भाइरसको संक्रमण थप बढ्न नदिन स्थानीय शहरले यातायात व्यवस्थामा सावधानी अपनाउन थालेका छन् । मध्य तथा दक्षिणी चीन तथा दक्षिण एसियामा पाइने ताइवानी क्रेइट, चाइनिज क्रेइट चाइनिज कोब्रा एक विषालु प्रजातिको सर्प हो ।

सन् २०१९ को डिसेम्बरमा कोरोना भाइरसको संक्रमण भएका बिरामी चीनको उहानमा पहिलोपटक देखिएका थिए । यसपछि तीव्ररुपमा यसको संक्रमण फैलँदै आएको छ । हाल अमेरिका लगायत चारभन्दा बढी देशमा यसका बिरामी देखा परिसकेका छन् । थाइल्याण्ड र दक्षिण कोरियामा पनि यसका बिरामी फेला परिसकेका छन् । हालसम्म चार सय ४० जना यसबाट संक्रमित भएका छन् । कोरोना भाइरसको जोखिममा नेपाल पनि रहेको छ । जोखिम बढेसँगै सरकारले सर्तकता बढाएको बताएको छ । श्वासप्रश्वासको माध्यमबाट सर्ने कोरोना भाइरसको संक्रमण नेपालमा हालसम्म देखिएको पुष्टि भएको छैन ।

**नेपालले बढायो सतर्कता**

श्वासप्रस्वासका माध्यमबाट सर्ने यो भाइरसको जोखिम बढेसँगै नेपालले पनि उच्च सतर्कता अपनाउन थालेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले त्रिभुवन विमानस्थलमा रहेको हेल्थ डेस्कलाई सक्रिय बनाइसकेको महाशाखा प्रमुख डा. विवेक लालले जानकारी दिए । 'अहिले यो रोग चीनमा फैलिरहेको भन्ने खबर आइरहेको छ' -उनले भने- 'चीनबाट नेपालमा धेरै पर्यटक नेपाल भित्रिने भएकाले हामी पनि उच्च जोखिममा छौं ।' उनले विमानस्थलको हेल्थ डेस्कले प्रभावित राष्ट्रबाट आएका व्यक्तिको विवरण संकलन गर्ने र विभिन्न अस्पतालसँग समन्वय गरिरहेको जानकारी दिए ।


**कोरोना भाइरसको लक्षण**

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका क्लिनीकल रिसर्च युनिटका संयोजक डा. शेरबहादुर पुनका अनुसार कोरोना भाइरसले संक्रमण गर्दा उच्च ज्वरो आउने, टाउको दुख्ने, श्वासप्रश्वासमा गाह्रो हुने लक्षण देखिन्छ । 'यसको लक्षण फ्लूसँग मिल्दोजुल्दो हुन्छ, त्यसैले रुघाखोकी लागेका व्यक्तिबाट हामी सतर्क रहनुपर्छ' -उनले भने ।

**जोगिन के गर्ने ?**

श्वासप्रस्वासको माध्यमबाट सर्ने भएकाले यो संक्रमणबाट जोगिन सकेसम्म भिडभाडमा जानु हुँदैन । भिडभाडमा जानै परेमा मास्कको प्रयोग अनिवार्य गर्नुपर्ने चिकित्सकहरुको बताउँछन् । यसका साथै व्यक्तिगत सरसफाईमा पनि ध्यान दिन आवश्यक छ । साबुनपानीले हात धुने, राम्रोसँग पकाएर मात्र खानेकुरा खानेकुरामा ध्यान दिन आवश्यक रहेको विश्व स्वास्थ्य संगठनले सुझाब दिएको छ । हालसम्म यसको कुनै पनि भ्याक्सिन पत्ता लागि नसकेकाले पनि उच्च सावधानी अपनाउनुपर्ने आवश्यकता छ ।

## 'एन्टी हिरो' मा जसिता



अभिनेता अनमोल केसीले होम प्रोडक्सनको नयाँ फिल्म 'एन्टी हिरो' मा अभिनेत्री जसिता गुरूङसँग रोमान्स गर्ने फाइनल भएको छ । गएको केही महिना अगाडि नै फिल्ममा जसिता हुने खबर बाहिरिएको थियो । तर, यो कुरालाई निर्माण टिमले अफवाह बताउँदै आएको थियो । फिल्मका निर्माता भुवन केसी र अभिनेत्री जसिता गुरूङबीच कागजी सम्झौता भएपछि जसिताले अभिनय गर्ने पक्का भएको हो ।

फिल्म 'लिलिबिली' बाट अभिनय करिअर शुरूवात गरेकी अभिनेत्री जसिताको पछिल्लो रिलिज फिल्म 'लभ स्टेशन' हो । यो फिल्म बक्सअफिसमा असफल भएपछि निराश भएकी उनले निर्देशक रेनशा वान्तवा राईको 'आई एम ट्वान्टिवान' साइन गरेर बसेको धेरै समय भइसकेको छ । तर, यो फिल्मको छायांकन हुन सकेको छैन । यसमा उनको जोडी अभिनेता धिरज मगरसँग बाँधिदैछ ।

काजल फिल्मस्को ब्यानरमा निर्माण हुने 'एन्टी हिरो' को छायांकन बैशाख १ गतेबाट शुरू हुने निर्माता भुवन केसीले जानकारी दिए । फिल्मका लागि लिड अभिनेता र अभिनेत्रीको टुंगो लागे पनि निर्देशक भने फाइनल भएका छैनन् । प्राप्त जानकारी अनुसार, फिल्मलाई एक भारतीय निर्देशकले निर्देशन गर्नेछन् । केही दिनमा निर्देशकसँग पनि कागजी सम्झौता हुने बताइएको छ ।

फिल्ममा भुवन केसीले पनि अभिनय गर्दैछन् । फिल्ममा उनी नकारात्मक भूमिकामा देखिने बताइएको छ । फिल्म 'मिस्टर नेपाली' रिलिजको संघार रहँदा उनले 'एन्टी हिरो' का लागि दाह्री समेत बढाएका थिए । तर, स्क्रिप्टमा समय लाग्ने भएपछि फिल्मको छायांकन पोस्टपोण्ड गरिएको थियो । पहिलो पटक पर्दामा अनमोल र जसिताको जोडी हेर्न दर्शकलाई निकै रोचक हुने देखिन्छ ।

## लागूऔषधसहित एक जना पक्राउ

**झापा, माघ ९।** अर्जुनधारा-११ बस्ने २४ बर्षीय आशिष बस्नेत लागूऔषध ब्राउनसुगरसहित पक्राउ परेका छन् ।

बिर्तामोड बुट्टाबारी चौकस्थितबाट बस्नेतलाई नौ ग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।

पक्राउ परेका बस्नेत उपर थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## भ्रष्टाचार गर्ने सूचीमा नेपाल ११३औं स्थानमा

**झापा, माघ ९।** नेपालले भ्रष्टाचार गर्ने ११३औं देशको सूचीमा रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले सार्वजनिक गरेको 'भ्रष्टाचार अवधारणा सूचकांक-२०१९' मा नेपाल विश्वका एक सय ८० देश रहेको सूचीमा कूल एक सय अङ्कमध्ये ३४ अङ्क प्राप्त गरेर ११३औं स्थानमा परेको हो ।

सन् २०१८ मा नेपालको सूचीमा ३१ अङ्कसहित १२४औं स्थानमा थियो । विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउण्डेशन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भिडिइएम समेत गरी छ संस्थाका सर्वेक्षणका आधारमा नेपालले सुधार गरेको देखिएको हो ।

ट्रान्सपरेन्सी इन्टरनेशनलका अध्यक्ष डेलिया फरेरा रुवियोका अनुसार सरकारी तहमा हुने भ्रष्टाचारबाट आजित जनतामा राज्यका निकायप्रतिको गिर्दो विश्वास घटाउन राजनीतिक सदाचारतर्फ उन्मुख हुनुपर्ने देखिएको छ । दलको चुनावी खर्चमा चन्दा र सहयोगबाट सिर्जना हुने भ्रष्टाचार तथा राजनीतिक व्यवस्थामा पर्ने पैसाको प्रभाव अन्त: गर्नुपर्ने देखिएको सो अवधारणामा उल्लेख छ ।

सन् २०१९ मा विश्वमा सबैभन्दा कम भ्रष्टाचार हुने देशमा डेनमार्क रहेको छ भने सो राष्ट्रले ८७ अङ्क प्राप्त गरेको छ । विश्वमा सबैभन्दा बढी भ्रष्टाचार हुने देश सोमालिया रहेको छ भने सो राष्ट्रले नौ अङ्क प्राप्त गरेको छ । दक्षिण एशियामा सबैभन्दा कम भ्रष्टाचार गर्ने देशमा भुटान परेको छ । भुटानले ६८ अङ्क प्राप्त गरी २५औं स्थानमा छ । भारत र चीन समान ४१ अङ्क प्राप्त गरी ८०औं स्थानमा परेका छन् । त्यस्तै श्रीलङ्का ३८ अङ्क प्राप्त गरी ९३औं स्थानमा, माल्दिभ्स २९ अङ्क प्राप्त गरी १३०औं स्थानमा र अफगानिस्तान १६ अङ्क प्राप्त गरी १७३औं स्थानमा छ ।

# जलवायु परिवर्तन, नेपाल र विम एक्जम



तुलसीराम खरेल

पृथ्वीमा रहेका अनेकौं प्रकारका जीवित प्राणी र वनस्पतिहरुको सम्बन्ध पर्यावरणका अजैविक तत्वहरुसँग प्रत्यक्षरुपले जोडिएको हुन्छ । जैविक र अजैविक तत्वहरुबीचको सम्बन्ध साङ्लोले जेलिए झैं रहेको हुन्छ । उक्त प्रकारको प्रकृतिमा स्थापित सम्बन्धलाई नै पारिस्थितिक प्रणाली भनिन्छ । पृथ्वीमा धेरै प्रकारका पारिस्थितिक प्रणालीहरु रहेका छन् । जलीय, स्थलीय पारिस्थितिक प्रणालीभित्र पोखरी, नदी, तालतलैया, समुद्र, महासागर, चरनचौर, जंगल, मरुभूमि, ध्रुवीय क्षेत्र एवम् हिमालयमा हुने पारिस्थितिक प्रणालीहरु पर्दछन् । यिनिहरुदेखि बाहेक मानव निर्मित पारिस्थितिक प्रणालीहरु समेत रहेका छन् । मानवद्वारा निर्मित बिकासका संरचनाहरु पारिस्थितिक प्रणालीभित्र नै रहेका अभिन्न अंगहरु हुन् । तिनीहरुको निर्माण तथा टिकाउ वातावरणीय तत्वहरुसँग अन्तर सम्बन्धित हुन्छन् ।

सबै प्रकारका पारिस्थितिक प्रणालीहरु वातावरणका विविध अवयवहरुद्वारा प्रभावित भइरहेका हुन्छन् । हावापानीसँग जोडिएर आउने तापक्रम, वायुमण्डलीय चाप, ताप, प्रकाश, बर्षा, हावा, बाष्पीकरण, हिउँ, तुषारो, असिना आदि तत्वहरुले जलवायु निर्धारण गर्दछन् । औद्योगीक क्रियाकलाप, यातायातका साधनहरु तथा अन्य मानवीय क्रियाकलापका कारण कार्वनडाइअक्साइड जस्ता ग्यासहरुको उत्सर्जन दिनप्रतिदिन बढिरहेको छ । त्यस्ता ग्यास तथा रसायनहरुले परम्परादेखि प्रकृतिमा स्थापित जलीय र स्थलीय पारिस्थितिक प्रणालीहरूलाई प्रभावित पार्दछन् । किनकि उक्त ग्यासले पृथ्वी तात्न (ग्लोवल वार्मीङ) मा सहयोग पुऱ्याउँछ । वर्तमान विश्वमा ज्यादै छोटो समयमा जलवायुमा बदलाव देखापर्नु नै जलवायु परिवर्तन हो ।

जलवायु परिवर्तनको प्रभावबारे संसारैभरि धेरै प्रकारका मुद्दाहरु उठिरहेका छन् । यसले हरेक देश र महादेश हरुलाई प्रभावित तुल्याइसकेको छ । यसले कृषि, वन, स्वास्थ्य, जैविक विविधता र प्रविधि जतातते चुनौतिहरु थपिदिएको छ । जलवायु परिवर्तनको असरले संसारका अन्य मुलुकहरुभन्दा नेपाल जस्ता हिमाली मुलुकहरुलाई बढी अप्ठेरो पारेका प्रमाणहरु प्राप्त भएका छन् । त्यस्ता मुलुकहरुमा तापक्रम वृद्धि हुँदा हिमतालहरु बिष्फोट हुने खतरा बढ्छ जसले बेमौसमी र अनुमान गर्न नसकिने हिमताल बिष्फोटन (ग्लोफ्स) निम्त्याउँछ ।



तराइमा पाइने मानव, जनावर तथा कृषिवालीका रोगहरु पहाड हुँदै हिमालतिर सर्दै गएका, पहाडी जिल्लाहरुमा रैथाने मानिसहरुमा मलेरिया देखापरेका, मौसमी तत्वहरुसँग जीव र वनस्पतिहरुको जीवनचक्रका अवस्थाहरुको सम्बन्ध (फेनोलोजी) मा व्यापक फेरबदल भएका घटनाहरु देखापर्न थालेका छन् । कतिपय प्रतक्ष असरहरुभन्दा अप्रतक्ष र सेकेण्डरी इफेक्ट झन बिकराल हुने गर्दछन् । यो सिधै मानिसहरुको आय आर्जनसँग जोडिएको छ ।

विश्व मानचित्रमा ०.०३५ क्षेत्रफल ओगटेको नेपालले विश्वको स्थल भागको ०.३५ क्षेत्र ओगटेको छ । विश्व जनसंख्याको झण्डै ०.४५ जनसंख्या रहेको यो भू-भागले चाहिँ विश्वब्यापी कार्वनडाइअक्साइड उत्सर्जनको ०.०२५५ का लागी मात्र उत्तरदायी छ । तर, जलवायु परिवर्तनको ठूलो मूल्य चुकाउनुपर्ने अवस्थामा परेकोछ यो हिमालयको सुन्दर काख । यस अर्थमा हामीले नखाएको विष पचाउनुपर्ने भएको छ । यसको एउटैमात्र कारण के हो भने जलवायु परिवर्तनले कुनै पनि देश, महादेश, जात, वर्ण र क्षेत्रसँग सम्बन्ध राख्दैन । यसको कारण निश्चित ठाउँ हुनसक्छ तर असर चाहिँ विश्वव्यापी हुन्छ ।

जलवायुजन्य जोखिम न्यूनीकरण र हानीनोक्सानीलाई सम्बोधन गर्न आवश्यक आर्थिक लगानी जुटाउनेबारे कोप २५ का पक्षधर राष्ट्रहरुको यस बर्षको सम्मेलनले खासै निर्णय लिन नसक्नुले जोखिम झेलिरहेका मुलुकहरुको दवाव झिनु बन्दै गएको देखिन्छ । जलवायु परिवर्तनको कारण क्षति व्यहोरिरहेका अति कम बिकसित तथा टापु मुलुकहरुले हानी-नोक्सानीको क्षेत्रमा लगानी गर्न अलग्गै संयन्त्र बनाउन आवाज उठाइरहेका छन् । पोल्याण्डको वार्सामा सन् २०१३ मा भएको कोप १९ ले जलवायुजन्य जोखिम न्यूनीकरण र हानी-नोक्सानीको मुद्दामा काम गर्न विम एक्जम (वार्सा इन्टरनेशनल मेकानिजम फर लस एण्ड ड्यामेज) बनाएको थियो । जी ७७ र चीन समूहको सक्रियतामा भएको विम एक्जमको साताब्यापी छलफलले मस्यौदा तयार पारेर युएनएफसीसी समक्ष पेश गरेको थियो ।

सहयोग कोषको लागी बिकसित मुलुकहरुले सहयोगको हात अगाडि नबढाएसम्म केही हुनेवाला छैन । धेरैको धारणा हरित जलवायु कोष (जीसीएफ) मा भएको रकमलाइ नै लस एण्ड ड्यामेजमा प्रयोग गर्न सकिने कुराहरुमा ध्यान दिन समेत आग्रह गरिरहेको देखिन्छ । जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी सञ्जाल ( आइपीसीसी)का अनुसार जलवायु परिवर्तनका कारण बाढी, पहिरो, चरम मौसम, खाद्य संकट, हिमताल बिष्फोटन, हिम पहिरो, वन डढेलो आदिमा बढोत्तरी भएको छ । यसको कारणले मानवीय क्षति तथा पारिस्थितिक प्रणालीमा हुने क्षति न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गर्न ठूलो रकमको आवश्यकता परेको देखिन्छ । विम एक्जमलाई एउटा छुट्टै कोषको रुपमा बिकास गरेर लैजानुपर्नेमा नेपाल जस्ता साना अल्पबिकसीत तथा जलवायु परिवर्तनको उच्च जोखीममा रहेका मुलुकहरुको साझा आवाज बनिरहनु पर्दछ ।

नेपाल अब संघीय संरचनामा प्रवेश गरिसकेको छ । अब नेपालमा केन्द्रीय, प्रान्तीय र स्थानीय गरी तीन तहका सरकारहरु रहनेछन् । तर, स्थानीय तह र केन्द्रबीच अधिकारका कुरामा विवाद र असमझदारी पनि देखा परिरहेका छन् । नेपालमा जलवायु परिवर्तनका असरहरुको न्यूनीकरणका लागि बिभिन्न प्रकारका अनुकूलन कार्यक्रमहरु चलिरहेका छन् । अनुकूलन कार्यक्रमहरू स्थानीय तहहरुले सञ्चालन गरे अझ राम्रो हुने देखिन्छ । किनभने नेपालको धरातल विविध प्रकारको छ र धरातलीय विविधतासँगै जैविक बिविधता, जनसंख्या, जातजातिहरू, खेती प्रणाली र बालीनालीहरु, घरपालुवा जनावरहरु सबैतिर विविधता देख्न सकिन्छ । अनुकूलन कार्यक्रमहरुले मुख्य गरेर माथि उठाइएका क्षेत्रहरुलाई छुन सक्नुपर्छ । प्राकृतिक स्रोत र साधनहरुमा कति हिस्सा अधिकार स्थानीय तहमा रहने भन्ने कुरा नीतिनिर्माणको बिन्दुमा आइपुग्दा विवादित बनेको छ । केन्द्रले यसको ठूलो अधिकार आफूमा राख्न चाहेको कुरा बाहिर आएको छ । स्थानीय तहहरुले अधिकारको दुरुपयोग पो गर्ने हुन् कि भन्ने आशंकाहरु झन् चुलिन थालेका छन् ।

जलवायु परिवर्तनको जोखिम न्यूनीकरणको क्षेत्रमा सक्रिय काम हुन सकिरहेको छैन । किनकि नेपालले कोपमा भाग लिएको पनि दुई दशक नाघिसकेको छ, तर उल्लेख्य काम भएको छैन । अब यो काम स्थानीय तह मार्फत हुनुपर्दछ । स्थानीय तहहरुले आफूसँग उपलब्ध स्रोतसाधन र मानव संसाधनलाई सही रुपले उपयोग गर्नु चुनौतिपूर्ण छ । वातावरण, विज्ञान र प्रविधिसँग सम्बन्धित मानव स्रोतको पहिचान र प्रयोग राम्ररी गर्नसके स्थानीय स्तरबाटै धेरैकामहरु हुन सक्छन् । नेपालमा जलवायु परिवर्तन सहयोग कार्यक्रम (एनसीसीएसपी) मार्फत स्थानीय अनुकूलन कार्यक्रम (लापा) सञ्चालन भइरहेकोमा अब त्यस्ता कार्यक्रमहरु स्थानीय तह मार्फत हुनुपर्दछ । वायो इञ्जिनियरिङको प्रयोगलाई अनुकूलन कार्यक्रममा किन प्राथमिकतामा पार्न सकिएन ? उत्तर खोज्नु जरुरी छ ।

अब स्थानीय सरकारको पहलमा पाठ्यक्रममा यो बिषयलाई राख्न पऱ्यो । सकिन्छ भने स्थानीय तहमै जलवायु परिवर्तन केन्द्र (क्लाइमेट चेञ्ज सेन्टर) स्थापना गरिनुपर्छ । वाली बिज्ञान र नश्ल सुधार कार्यक्रमहरु, मानव स्वास्थ्य, कुलोपैनी निर्माण, बाढीपहिरो रोकथाम, निर्माण कार्य, जैविक विविधता, कृषिमा आधारित उद्योधन्दाहरुको स्थापना सबै क्षेत्रलाई समेट्ने गरी स्थानीय तहहरुले जलवायु परिवर्तनका अनुकूलन कार्यक्रमहरुलाई प्राथमिकतामा राखेर काम गर्नु चुनौतिपूर्ण तर अत्यावश्यक छ । अब प्रत्येक स्थानीय सरकारहरुका कामहरु जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरण तर्फ उन्मुख हुनु एकदमै जरुरी छ । नयाँ मानव बस्ती तथा पूर्वाधार निर्माणमा जलवायु परिवर्तनको चुनौतिलाई स्वीकार गर्न नसक्ने हो भने भविष्यमा धेरै क्षति व्यहोर्नुपर्ने हुनसक्छ ।

*(खरेल निधि-इन्द्रेणी क्याम्पस बिर्तामोड तथा कनकाइ माविका जीव बिज्ञान बिषयका शिक्षक हुन् ।)*